का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ माघ २०७८,
बिहीबार
10 February 2022,
Thursday
मूल्य रु. ५/-


# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक
ईपेपर हेर्न






# महाभियोग कति सम्भव ?



संविधानमा कार्यक्षमताको प्रश्न उठाएर दुई तिहाइ सांसदको समर्थनमा प्रस्ताव पारित गरी सभामुखलाई हटाउन सक्ने व्यवस्था छ ।

**भिमार्जुन आचार्य**
संविधानविद्



सदनमा एमसीसी टेबल गर्ने विषयमा दलहरुभित्र दुईमत भएपनि सभामुखमाथि महाभियोगको प्रस्ताव टेबुल हुने अवस्था छैन ।

**विष्णु दाहाल**
राजनीतिक विश्लेषक

नेकपा एमाले र केही नागरिक अगुवाको समूहले विभिन्न आरोप लगाएर सभामुखमाथि महाभियोग लगाउन अपिल गरेपनि उक्त सम्भावना भने निकै न्यून देखिएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ माघ

सभामुख अग्निप्रसाद सापकोटाविरुद्ध महाभियोग दर्ता हुन नसक्ने देखिएको छ। केही नागरिक अगुवा र राजनीतिक दलका नेताले उनी विरुद्ध महाभियोग लाग्न सक्ने बताएपनि दर्ताको सम्भावना भने न्युन देखिएको हो । नेकपा एमाले र केही नागरिक अगुवाको समूहले विभिन्न आरोप लगाएर उनीमाथि महाभियोग लगाउन अपिल गरेपनि उक्त सम्भावना भने निकै न्यून देखिएको हो ।

सदनमा अन्य दलहरुले महाभियोग दर्ताको तयारी गरायो भने एमालेको भूमिका प्रष्ट देखिने एमालेका मुख्य सचेतक विशाल भट्टराईले जानकारी दिए । 'अहिले कसैले सभामुखमाथि महाभियोगको प्रस्ताव दर्ता गराउने देखिँदैन, यदि त्यस्तो अवस्था आयो भने एमालेले आफ्नो भूमिका प्रष्ट बनाउँछ,' नेता भट्टराईले भने ।

उनले सभामुखकै कारण एमालेले सदन अवरुद्ध गर्नुपरेको भन्दै सदनलाई तत्काल निकाश दिन पनि अपिल गरेका छन् । सभामुखले आफ्नो मर्यादा र ओझ जोगाउन सक्नुभएन, उहाँ कर्तब्यच्यूत हुनुभयो भनेर पहिलेदेखि सदनलाई निकास दिनुपर्ने माग भने एमालेले गर्दै आएको हो, नेता भट्टराईले भने । उनले सभामुखले सकारात्मक

– बाँकी पृष्ठ २ मा

# देउवासँग नजिकिँदै ओली

तत्कालीन राजनीतिक नाफा र घाटाको अवसरवादी खेलमा माहिर एमाले यतिबेला सभामुखदेखि दाहाल र नेपाललाई सवक सिकाउन एमसीसीमा देउवालाई सघाउने संकेत गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ माघ

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले प्रधानमन्त्री शेरबहादुर देउवासँग नजिकिन थालेको छ । पाँच दलीय गठबन्धनलाई अप्राकृतिक गठबन्धन भएको आरोप लगाउँदै आएको एमाले राजनीतिक परिस्थिति परिवर्तन हुँदै गएपछि यतिबेला प्रधानमन्त्री देउवासँग नजिकिँदै गएको हो । आफ्नो कार्यकालमा एमसीसी पारित गर्न जोडबल गरेका एमाले अध्यक्ष केपी शर्मा ओली एमसीसी पारित गर्न सभामुखलाई महाभियोग लगाउने शर्तसहित प्रस्ताव गरेको छ ।

साविक नेकपा नेतृत्वको नेतृत्व गरेका केपी ओली समूहले एमसीसीलाई संसदबाट अनुमोदन गराउन निकै कसरत गऱ्यो ।





नेकपा एमाले अध्यक्ष केपी ओली नेतृत्वको त्यस सरकारले २०७६ असार ३० मा एमसीसी संसदमा टेबल गऱ्यो ।

ओली समूह एमसीसी पारित गराउने रटानमा थियो, त्यही एमसीसीको विषयले नेकपा अन्ततः विभाजित भयो। एमसीसीकै विषयले भावनात्मकरुपमा विभाजित साविक नेकपा पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुरमार नेपाल विपक्षमा थिए, अहिले पनि उनीहरु एमसीसीलाई जस्ताको तस्तै पारित गर्न नहुने पक्षमा देखिएका छन् । तर, साविकको नेकपाको तर्फबाट सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष ओली र उनको पार्टीले यतिबेला एमसीसीको विषयमा मौन छ ।

पाँच दलीय गठबन्धनलाई विभाजित गर्ने इगो साँध्दै आएको एमाले सभामुखमाथि खनिन छोडेको मात्रै छैन, सभामुखलाई महाभियोग लगाएर भए पनि आफ्नो तुस मेटाउन चाहान्छ । एमाले एमसीसी भन्दा पनि १४ सांसदलाई कारबाही गरेको विषयमा सभामुखले असहयोग गरेकोमा रुष्ट छ । सभामुखमाथिको १४ सांसदको विषय लिएर लामो समय संसद अवरुद्ध गर्दै आएको एमाले पछिल्लो समय सभामुख हटाउन र गठबन्धन टुटाएमा एमसीसीमा सघाउनेसम्म पुगेको छ ।

तत्कालीन राजनीतिक नाफा र घाटाको अवसरवादी खेलमा माहिर एमाले यतिबेला सभामुखदेखि पुष्पकमल दाहाल र माधव नेपाललाई

– बाँकी पृष्ठ २ मा

# मूल्यवृद्धि अचाक्ली

सबैभन्दा धेरै खाने तेल र घ्यूमा मूल्यवृद्धि भएको छ । यी वस्तुको मूल्यवृद्धि २१. २२ प्रतिशत रहेको छ । पेय पदार्थ तथा खाद्य वस्तुमा मूल्यवृद्धि ४.९२ प्रतिशत छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

चालु आर्थिक वर्षको ६ महिनामा ५ दशमलव ६५ प्रतिशतले मूल्यवृद्धि भएको छ । यो अवधिमा रेमिट्यान्समा पनि गिरावट आएको छ भने विदेशी मुद्रा सन्चिती घटेको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार मूल्यवृद्धि ५ दशमलव ६५ प्रतिशत पुगेको हो ।

गत वर्षको सोही अवधिमा ३ दशमलव ५६ प्रतिशत मात्रै मूल्यवृद्धि भएको थियो। गत आर्थिक वर्षको तुलनामा २ दशमलव ०९ प्रतिशतले मूल्य वृद्धि बढेको हो। सबैभन्दा धेरै खाने तेल र घ्यूमा मूल्यवृद्धि भएको छ। यी वस्तुको मूल्यवृद्धि २१. २२ प्रतिशत रहेको छ। पेय पदार्थ तथा खाद्य वस्तुमा मूल्यवृद्धि ४.९२ प्रतिशत छ। सेवामूलक क्षेत्रमा भने ६.२३ प्रतिशतले मूल्यवृद्धि भएको छ। पछिल्लो समय प्रायः सबै क्षेत्रमा मूल्यवृद्धि भएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।

अघिल्लो वर्षको पुस महिनाको तुलनामा चालु आर्थिक वर्ष २०७८/८९ को पुसमा मुद्रास्फीति बढेको छ। नेपाल राष्ट्र बैंकले बुधबार जारी गरेको विवरणअनुसार यस वर्षको पुसमा मुद्रास्फीति ५.६५ प्रतिशत रहेको छ।

अघिल्लो आर्थिक वर्ष २०७७/७८ को सोही महिनामा यस्तो मुद्रास्फीति ३.५६ प्रतिशत रहेको

– बाँकी पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट वैदेशिक रोजगार व्यवसायी कम्पनीहरुको मापदण्ड तथा स्तर निर्धारण गरी वर्गीकरण गर्न आवश्यक सूचक तथा कार्यविधि तयार गर्न सहसचिवज्यूको संयोजकत्वमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधि समेत रहने गरी गठित समितिका सन्दर्भमा भएको अन्योलप्रति व्यवसायी संघ/संस्था तथा व्यवसायीहरुले व्यापक चासो एवं सरोकार व्यक्त गरेको विषयमा मन्त्रालयद्वारा प्रेस विज्ञप्ति जारी भएको तथा माननीय मन्त्रीज्यूबाट सार्वजनिकरुपमा प्रष्ट पारिएको भएता पनि आम व्यवसायी र यस मञ्चकोसमेत गम्भीर ध्यानाकर्षण भई धारणा प्रष्ट पार्न जरुरी भएको महसुस गरी नेकपा माओवादी केन्द्र पार्टीका केन्द्रीय सदस्य एवं वैदेशिक रोजगार विभाग प्रमुख तथा पूर्वमन्त्री श्री रामेश्वर राय यादवज्यूको प्रमुख अतिथितामा बसेको मञ्चको बैठकद्वारा पारित निर्णयानुसार यो विज्ञप्ति जारी गरिएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ र नियमावलीले म्यानपावर कम्पनीको वर्गीकरणको व्यवस्था नगरेको एवं प्रचलित कानून समेतबाट कुनै पनि प्रकारका एकाधिकार (सिन्डिकेट) गर्ने कार्य दण्डनीय भएको साथै विगत ६ वर्षदेखि विविध कारणबाट थलिएको वैदेशिक रोजगार व्यवसायमा कुनै पनि प्रकारका विभेद र सिन्डिकेट हुनु हुँदैन सो विषयले व्यवसायीहरुलाई स्वच्छ प्रतिस्पर्धाको आधारमा व्यवसाय गर्न नदिई गम्भीररुपमा असर पार्ने र विचौलियाले प्रश्रय पाउने हुँदा वर्गीकरणका नाममा एकाधिकार र सिन्डिकेट भए/गरेमा त्यस्ता प्रकारका कार्यको यो मञ्च घोर विरोधको साथै आपत्ति प्रकट गर्दछ ।

यसरी नै वैदेशिक रोजगार क्षेत्रमा एकतर्फी र जबरजस्तरुपमा थोपरिएको फ्रि भिसा, फ्रि टिकट र शून्य लागतको व्यवस्था छिमेकी मुलुकहरुको कानूनी र व्यावसायिक अवस्था एवं रोजगारदाता मुलुकमा भएको प्रचलन समेतका आधारमा उपयुक्त र व्यवहार सम्मत नभएकाले व्यवसायीले कामदार पठाउँदा निजले पाउने १ महिनाको तलब बराबरको रकम सेवा शुल्क वापत लिन पाउने व्यवस्था तत्काल गराई कार्यान्वयन गर्न मञ्च जोडदार माग गर्दछ ।

**धनलाल जैसी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**
**सामाखुशी, काठमाडौं**
फोन नं. ९८५११७३०४ Email:- anrfef@gmail.com


## म्यानपावर वर्गीकरणबारे एसोसिएसनद्वारा नेपाली कांग्रेसको ध्यानाकर्षण

# सिन्डिकेट कायम हुन दिइने छैन : महामन्त्री थापा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले म्यानपावर कम्पनीको वर्गीकरणको नाममा मलेसियाको रोजगारीमा सिन्डिकेट खडा गर्न खोजिएको भन्दै सत्तारूढ नेपाली कांग्रेसको ध्यानाकर्षण गराएको छ। बुधबार नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई ज्ञापनपत्र बुझाउँदै एसोसिएसनले म्यानपावर कम्पनीको वर्गीकरणले सीमित 'ठूला म्यानपावर कम्पनीहरुलाई' मात्रै मलेसिया कामदार पठाउने अवसर प्राप्त हुने र साना भनिने म्यानपावर व्यवसायी पलायनको अवस्थामा पुग्ने बताएको छ।

एसोसिएसनका पदाधिकारी तथा सदस्य र केही पूर्व अध्यक्षहरुको उपस्थितिमा म्यानपावर कम्पनीको बुझाइएको ज्ञापनपत्रमा वर्गीकरण, मलेसिया



सिन्डिकेट, म्यानपावर वर्गीकरण सम्बन्धमा मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित कार्यदललगायतका विषयमा महामन्त्री थापामार्फत सिँगो पार्टीको ध्यानाकर्षण गराइएको एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले जानकारी दिए।

वैदेशिक रोजगार क्षेत्रमा मझौला भनिने धेरै व्यवसायी नेपाली कांग्रेसप्रति आस्था राख्ने व्यवसायी रहेको र वर्गीकरणले उनीहरूलाई हतोत्साही वा पलायन गराउने भन्दै ढकालले यस विषयमा सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले गठबन्धन दलको जिम्मेवारी अन्तर्गत भए पनि ध्यान दिनुपर्ने माग गरे। उनले भने, 'विचौलियासँग जोडेर मन्त्रालयलाई बदनाम गराउने काम भएको छ, समयमा ध्यान नदिए सरकारको नेतृत्व गरेको नेपाली कांग्रेस पनि

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारमा जाने बढे पनि रेमिट्यान्स घट्यो

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिनेको संख्या बढेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत पुस महिनासम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिनेको संख्या १ लाख ६७ हजार ५१३ पुगेको छ। यो संख्या अघिल्लो वर्षको सोही अवधिमा ८९.० प्रतिशतले घटेको थियो।

राष्ट्र बैंकले पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि जानेको संख्या पनि २ सय ९८ दशमलव १ बढेर १ लाख ३० हजार २ सय १२ पुगेको बताएको छ। अघिल्लो वर्षको सोही अवधिमा पुनः श्रम स्वीकृति लिएर जानेको

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ माघ २०७८, बिहीबार
10 February 2022, Thursday

# सर्वोच्च प्रशासनद्वारा दर्ता गर्न अस्वीकार



**काठमाडौं/मस-** सर्वोच्च अदालत प्रशासनले स्थानीय तहको निर्वाचनपछि पाँचवर्षे कार्यकाल उपभोग गर्न नपाउने उल्लेख गर्दै पेस भएको निवेदन दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको छ।

सर्वोच्च अदालतका रजिष्ट्रार नारायणप्रसाद पन्थीले महोत्तरीको भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले पेश गर्नुभएको निवेदन दरपीठ गरेका हुन्। दरपीठमा भनिएको छ, 'नेपाल सरकारबाट स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ४(४) मा भएको प्रावधानबमोजिम नेपालका सबै स्थानीय तहको निर्वाचन मिति २०७९/०१/३० गते गर्ने गरी निर्णय भएको, स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ४(४) मा उपदफा (२) बमोजिम अलगअलग मितिमा सम्पन्न भएको निर्वाचन उपदफा(१) बमोजिम तोकिएको मितिमा सम्पन्न भएको मानिनेछ भन्ने प्रावधान रहेको छ।' उक्त प्रावधान यथावत रहिरहेको अवस्थामा निर्वाचन गर्ने गरी भएको निर्णयले निवेदकको नगरप्रमुखको पाँच वर्षको कार्यकाल घटाउने प्रबल सम्भावना रहेको भनी विनाआधार प्रस्तुत निवेदन लिई आएकाले अस्वीकार गरिदिएको दरपीठमा उल्लेख छ। निर्वाचन आयोगलाई विपक्षी बनाएर साहले उक्त निवेदन पेस गरेका थिए। निवेदनमा आफूहरुको कार्यकाल छ महिना बाँकी रहेकाले त्यसअगावै हुने निर्वाचन असंवैधानिक हुने उल्लेख छ।

# भक्तपुर नगरपालिकाको एघारौं नगरसभा शुरु



**भादगाउँ/मस-** भक्तपुर नगरपालिकाको एघारौं नगरसभा आजदेखि सुरु भएको छ।

बैठकमा नगरप्रमुख सुनिल प्रजापतिले जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको एकता र सहयोगी भावनाले भक्तपुरको विकास र प्रगति सम्भव भएको बताए।

विचार र सिद्धान्तमा अडिग रही इमान्दारीपूर्वक जनताको सेवा गर्नु जनप्रतिनिधिको कर्तव्य भएको बताउँदै उनले सभामा सबै सदस्यको सक्रिय सहभागिताका लागि आग्रह गरे। उनले संसदीय निर्वाचनमा तीन प्रतिशत मत प्राप्त नगरेका राजनीतिक दललाई स्थानीय तहको निर्वाचनमा दलीय हैसियतबाट चुनाव चिह्न नदिने निर्वाचन आयोगबाट षड्यन्त्र भइरहेकोबारे सभासद्लाई सचेत पार्दै घोषणापत्रअनुसार कार्य नगर्ने सबै राजनीतिक दल पनि खारेज हुनुपर्ने बताए।

आव २०७८/७९ को बजेट कार्यान्वयनको अवस्थाबारे जानकारी गराउँदै उनले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायत नगर र नगरवासीको जीवनसँग प्रत्यक्ष जोडिएका विषयका साथै थुप्रै विकास निर्माणका काम सम्पन्न गरिसकेको बताए। केन्द्र र प्रदेशले स्थानीय तहलाई दिने विशेष अनुदानमा वृद्धि गर्नुपर्नेमा उल्टै सःशर्त र समपूरक बजेटमा वृद्धि गर्नु संघीयता र संविधानको भावनाविपरीत भएको बताउँदै प्रमुख प्रजापतिले स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिई केन्द्र र प्रदेशले कर्मचारी नियुक्ति गरी पठाउनु, प्रदेशले कर्मचारीको सरुवा बढुवा गर्नु र स्थानीय तहले तलब खुवाएका शिक्षकलाई केन्द्र मातहत राख्नु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप भएको भन्दै आपत्ति प्रकट गरे।

यसअघि सभाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले जनसहभागिता, जनश्रमदान, जनताको सहयोगमा जनताको सेवा गर्ने अग्रजको मार्गनिर्देशनअनुसार नेमकिपाका जनप्रतिनिधिले कार्य गर्नुपर्ने बताए।

सांस्कृतिक नगरका नगरवासी परम्परागत र अन्धविश्वास नभई विज्ञान र प्रविधिमैत्रीसमेत हुने भएकाले सोहीअनुसार नगरवासीको सांस्कृतिकस्तर उकास्नुपर्नेमा उहाँले जोड दिए। संघीयताको पूर्ण कार्यान्वयनका लागि स्थानीय तहलाई स्वायत्तता प्रदान गरी विकेन्द्रीकरणको सिद्धान्तलाई लागू गर्नुपर्ने उहाँले बताए। अनावश्यक सवारीसाधनमा अत्यधिक खर्च गरी पूँजी निर्माण नहुने हुँदा यस्ता क्षेत्रमा मितव्ययिता अपनाई देशको आन्तरिक उत्पादन र भ्रष्टाचार नियन्त्रण गरी देशलाई आत्मनिर्भर बनाउनुपर्नेमा उहाँले जोड दिए।

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँले जनताको निःस्वार्थरुपमा सेवा गर्नु नेमकिपाको परिचय बनिसकेको बताउनुभयो।

उहाँले जनताको मन जितेर देशको भावना र आवश्यकताबमोजिम नेमकिपाले समाजवादी मर्मअनुसार काम गर्दै आइरहेको दाबी गरे। एमसिसीविना यो देश विकास सम्भव छैन भन्ने दास मानसिकता शासक दलमा रहेको उनले आरोप लगाए।

नगर उपप्रमुख रजनी जोशीले भक्तपुर नपाले शिक्षामा गरेको प्रगतिबाट 'ख्वप मोडल' विकास गर्न सफल भएको बताए। कार्यक्रममा वडा नं ७ का वडाअध्यक्ष उकेश कवाँ, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वालगायतले नपाले गरेको असल र सफल कामबारे समीक्षा गर्न नगरसभाले महत्वपूर्ण भूमिका खेल्ने बताए।

**महाभियोग ...**

भूमिका खेले एमालेले सदन यथास्थितीमा चलाउन दिने पनि जानकारी दिए।

सदनमा एमसीसी टेबल गर्ने विषयमा दलहरुभित्र दुईमत भएपनि सभामुखमाथि महाभियोगको प्रस्ताव टेबुल नहुने राजनीतिक विश्लेषक विष्णु दाहाल बताउँछन्। 'गठबन्धनको प्रतिपक्षी दलको रुपमा कांग्रेस बाहेक सबै देखा परेका छन् र हरेक दलमा छन् त्यसो हुँदा सभामुखमाथिको महाभियोग भन्दापनि दलहरु फुट्ने सम्भावना देखिएको छ,' विश्लेषक दाहालले भने।

उनले कतिपय दलका सांसदहरुले एमसीसीबाट पैसा लिएको हुँदा त्यसको पक्षमा वकालत गरेको पनि बताए। सदनमा एमसीसी टेबुल गराउन खोज्नु भनेको अमेरिकाले आफूअनुकुल कानूनको ब्याख्या गर्नुपनि हो, नभए एउटा विकास परियोजनामा यति धेरै हल्लीखल्ली के का लागि? विश्लेषक दाहाल भन्छन्। उनले एमसीसीकै कारण प्रधानन्यायाधीशले आगामी चुनाव गराउने सम्भावना देखिएको समेत बताएका छन्। तर, दलहरुबीच बढेको तिक्तता र गिजोलिएको एमसीसीले कस्तो राजनीतिक उतारचढाव ल्याउँछ त्यो भने हेर्न बाँकी नै छ।

**कानूनी व्यवस्था**

नेपालको संविधान २०७२ अनुसार तीन वटा कारणबाट सभामुख पद रिक्त हुनसक्छ वा सभामुखलाई हटाउन सकिन्छ। नेपालको संविधान, २०७२ को धारा ९१ को उपधारा ६ मा प्रतिनिधिसभाको सभामुख पद रिक्त हुने अवस्थाबारेको उल्लेख छ।

पहिलो, सभामुख भएको व्यक्ति प्रतिनिधिसभाको सदस्य नरहेमा। दोस्रो, सभामुखले लिखित राजीनामा दिएमा। र, तेस्रो सभामुखले पद अनुकूल आचारण नगरेको भन्ने प्रस्ताव प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा। सभामुख विरुद्ध पद अनुकूलको आचारण नगरेको भन्ने प्रस्तावमाथि छलफल गर्नुपरेमा बैठकको अध्यक्षता प्रतिनिधिसभाको उपसभामुखले गर्ने व्यवस्था संविधानमा गरिएको छ। तर, हाल संसदमा उपसभामुख नहुँदा त्यसरी छलफल हुने सम्भावना पनि न्यून छ।

सभामुख सापकोटालाई महाभियोग लगाएर हटाउन नमिल्ने तर दुई तिहाई सांसदले चाहेमा भने हटाउन सक्ने संविधानविद् भिमार्जुन आचार्य बताउँछन्।

'संविधानमा सभामुखलाई महाभियोग लगाउने व्यवस्था छैन। कार्यक्षमताको प्रश्न उठाएर दुई तिहाइ सांसदको समर्थनमा प्रस्ताव पारित गरी सभामुखलाई हटाउन सक्ने व्यवस्था छ,' आर्चायले भने। संविधान तथा कानूनविदहरुले सभामुखलाई महाभियोग लगाएर हटाउन मिल्ने संवैधानिक व्यवस्था नरहेका बताउँदै आएका छन्।

**मूल्यवृद्धि....**

थियो। पुस महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९२ प्रतिशत र गैर(खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.२३ प्रतिशत रहेको छ।

२०७७ पुसको तुलनामा २०७८ पुसमा घ्यू तथा तेल, यातायात, मदिराजन्य पेय पदार्थ, सुर्तीजन्य वस्तु र दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि क्रमशः २१.२२ प्रतिशत, १४.०७ प्रतिशत, ११.३७ प्रतिशत, १०.४८ प्रतिशत र ९.२२ प्रतिशत रहेको छ।

पुस महिनामा काठमाडौं उपत्यकामा ५.२८ प्रतिशत, तराईमा ६.१५ प्रतिशत, पहाडमा ५.३४ प्रतिशत र हिमालमा ५.२२ प्रतिशत मुद्रास्फीति रहेको छ। २०७७ पुसमा यी क्षेत्रहरूमा क्रमशः ३.५५ प्रतिशत, २.८७ प्रतिशत, ४.७२ प्रतिशत र ३.३८ प्रतिशत मुद्रास्फीति रहेको थियो।

२०७८ पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१८ प्रतिशत रहेको थियो। गत पुस महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ९.१० प्रतिशत, ७.६७ प्रतिशत र ७.१४ प्रतिशत रहेको छ।

पुस महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १७.५१ प्रतिशत रहेको छ। २०७८ पुसमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ५.७७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क १.७२ प्रतिशतले बढेको थियो।

चालु आर्थिक वर्षको छ महिनामा कूल व्यापार घाटा आठ खर्ब ८० अर्ब ४९ करोड रुपैयाँ कायम भएको छ। कूल वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले वृद्धि भएको हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.९ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी एक खर्ब १० अर्ब ९१ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ८३ अर्ब एक करोड रुपैयाँ बराबरको भएको थियो। चालू आवको छ महिनामा कूल वस्तु निर्यात ९५.५ प्रतिशतले वृद्धि भई एक खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६.१ प्रतिशतले वृद्धि भएको थियो।

गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात १०.२ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा पाम तेल, सोयाविन तेल, पिना, जुस, ऊनी गलैंचालगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, चिया, जडीबुटी, जस्तापाता, तारलगायतका वस्तुको निर्यात घटेको छ

**देउवासँग...**

साइजमै ल्याउन एमसीसीमा देउवालाई सघाउने संकेत गरेको छ। एमसीसीको विषयले सिंगो मुलुक विभाजित छ। एमसीसी कै कारण नयाँ कित्ताबन्दी बन्दै जाँदा यसैमा एमालेले मौकामा चौका हान्न खोजिरहेको छ। राजनीतिक स्थिरता भन्दा पनि राजनीतिक लाभ र हानीको जोड घटाउ गरिरहेको एमालेले शर्तसहित देउवासँग नजिकिनुले उसको दोधारे चरित्र थप छर्लंगै भएको राजनीतिक विश्लेषकहरु बताउँछन्।

**म्यानपावर...**

बदनामीबाट अछुतो रहन सक्ने छैन।'

एसोसिएसनका पूर्वअध्यक्ष विमल ढकालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री म्यानपावर वर्गीकरण गर्ने योजनामा रहेको प्रष्ट जानकारी पाएकाले व्यवसायी झस्कनु परेको बताए। श्रम मन्त्रीसँग नेपाल वैदेशिक रोजगार व्यवसायी संघका एक पूर्वअध्यक्षको छलफल उद्‌ध गर्दै पूर्वअध्यक्ष ढकालले भने, 'मन्त्रीले निर्माण व्यवसायी, बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण हुनसक्छ भने म्यानपावर कम्पनीको वर्गीकरण किन हुन सक्दैन ? भनी प्रतिप्रश्न गर्नु भएछ। म्यानपावर कम्पनी बैंक र निर्माण कम्पनी जस्ता होइनन्, यसको प्रकृति फरक रहेकोले वर्गीकरणको तल्लो श्रेणीमा पर्नेहरूले कामदार पठाउन पाउने छैनन्, उनीहरू पलायन हुन बाध्य हुने छन्।' ढकालले सिन्डिकेट विरोधमा वैदेशिक रोजगार व्यवसायी एकै ठाउँमा उभिएको पनि बताए।

अर्का पूर्वअध्यक्ष किरण किशोर घिमिरेले आवरणमा सुन्दर तस्बिर देखाएर भित्र अर्कै धन्दा गर्ने मन्त्री र मन्त्रालयको विगतको चरित्रको कारणले मुलुकको अर्थतन्त्रमा ठुलो योगदान दिएको वैदेशिक रोजगार क्षेत्र पीडामा रहेको बताए। उनले भने, 'नेपाली कांग्रेसको सरकारको पालामा राज्यमन्त्री टेकबहादुर गुरूङको कार्यकालमा फ्रि भिसा, फ्रि टिकट भनियो तर व्यवहारमा वायोमेट्रिकको सिन्डिकेट लागू गरियो।

अहिले पनि वर्गीकरण र यूईई भिसा सेन्टर जस्ता विषय आएका छन्। यी सबै चलखेल धेरै कमाएका पुराना व्यवसायीले नयाँ व्यवसायीलाई लखेट्ने चलखेल हो, पार्टीले यसमा विशेष ध्यान दिन जरुरी छ।'

त्यसैगरी अर्का पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले अहिले शुरू गरिएको वर्गीकरण खुल्न थालेको मलेसियामा कामदार पठाउने काम २५ देखि ३० जना व्यवसायीलाई मात्रै दिने योजनाले आएको भन्दै आफुहरू शुभेच्छुक संस्थाको हैसियतले पार्टीलाई जानकारी दिएकोले पार्टीले पनि सोहीअनुसार गम्भीरता देखाई हस्तक्षेप गर्नुपर्ने माग गरे।

उनले भने, '२०७५ सालमा वैदेशिक रोजगार ऐनमा संशोधन गरी साविकको ७ लाख नगद धरौटी र २३ लाखको बैंक ग्यारेन्टीलाई परिवर्तन गरी वार्षिक तीन हजार जनासम्म कामदार पठाउने कम्पनीलाई ५० लाख नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी, पाँच हजार जनासम्म कामदार पठाउने कम्पनीलाई एक करोड नगद धरौटी र तीन करोड रुपैयाँको बैंक ग्यारेन्टी तथा वार्षिक पाँच हजार जनाभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीलाई दुई करोड नगद धरौटी तथा चार करोड रुपैयाँको बैंक ग्यारेन्टी राख्न लगाएको अवस्थामा हाल वर्गीकरणको आवश्यकता नै छैन, चलखेल रोकिनुपर्छ।'

जवाफमा महामन्त्री थापाले आफुले प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष म्यानपावर वर्गीकरण र त्यसले पार्ने दीर्घकालीन असरबारे छलफल गरी आवश्यकता परे मन्त्रालयको समेत धारणा मागी समस्या समाधानका उपाय खोजिने आश्वासन दिए। उनले भने, 'सबैले कानूनअनुसार व्यवसाय गर्ने वातावरण बन्नुपर्छ, कसैप्रति अन्याय हुन दिइने छैन, तपाई व्यवसायीहरु हतोत्साहित हुन आवश्यक छैन।' एसोसिएसनको ध्यानाकर्षण पत्र वरिष्ठ उपाध्यक्ष तारानाथ अर्यालले वाचन गरेका थिए।

**वैदेशिक....**

संख्या ७५ दशमलव ५ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीमा जानेको संख्या बढे पनि रेमिट्यान्समा भने कमी आएको छ। चालु आर्थिक वर्षको पुससम्मको अवधिमा रेमिट्यान्समा ५ दशमलव ५ प्रतिशतले कमी आई ४ खर्ब ६८ अर्ब ४५ करोड कायम भएको राष्ट्र बैंकले बताएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११ दशमलव १ प्रतिशतले बढेको थियो। रेमिट्यान्समा कमी आउँदा अमेरिकी डलरमा सञ्चित ६.२ प्रतिशतले घटेर ३ अर्ब ९३ करोडमा सीमित भएको छ।


## भूल सुधार

मिति २०७८/१०/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा वैदेशिक रोजगारको अवसर शिर्षक कम्पनी: AL MUJTAHDOON FOR TRADING, पूर्व स्वकृती मिति: २०७८/१०/२५ चलानी नं.: ६०१७४१०५, LT No. 256956 को विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ फागुन ३ र ४ गते (15 & 16 Feb. 2022) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Global Village Source Pvt. Ltd.**
इजाजत पत्र नं. १४१/०७४/०७५
Gongabu, Tokha Road-14, Kathmandu, Tel.: 01-4986784
Email: globalvillagesourc@gmail.com | Web.: www.globalvillagesource.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७८/१०/२७**

**संतोष गौतम कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.** को मिति २०७८/०७/२० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अनुपम मल्टिपर्पोज एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: २३१९८३)**, कायम गर्ने गरी मिति २०७८/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति [illegible] मा दर्ता भएको **प्रा.लि. नं. [illegible]** को **[illegible] प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
**उद्योग मन्त्रालय**
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०४/१७ मा दर्ता भएको दर्ता नं. दर्ता नं. २२०२५५/०७६/०७७ को **सुदेश इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८।१०।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१०/२७

यस कम्पनीको मिति २०७८/१०/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **दिव्य एग्रो मार्ट प्रा.लि. (प्रा.लि. नं. २४०५७२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **दिव्य एग्रो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## न्यू कामधेनु आयल ट्रेडर्स प्रा.लि.

### कम्पनी खारेजि गरिएको लिक्विडेटरको सूचना

उपरोक्त बिषयानुसार कम्पनि ऐन बमोजिम प्रा.लि दर्ता नं ८०१५८/०६७/०६८ र दर्ता मिति २०६७/१०/१८ भएको न्यू कामधेनु आयल ट्रेडर्स प्रा.लि. कम्पनिको बिशेष साधारण सभाद्वारा मिति २०७८/१०/१४ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनिलाई स्वोच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनिसँग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितीले ३५ दिन भित्र तपसिल बमोजिम लिक्विडेटरको कार्यालयमा हकदावि गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**लिक्विडेटर शिवराम तिमिल्सीना**
**प्रमाणपत्र नं १५८, फोन नं : ९८५१००६६३६**
**लिक्विडेटरको कार्यालय, अनामनगर, काठमाडौं**
**इमेल** shivaramtimilsina@gmail.com

## डिभिजन वन कार्यालय भेरी, बाबियाचौर सुर्खेतको काठ, दाउरा संकलन सम्वन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।२७**

यस डिभिजन वन कार्यालय अर्न्तगत बराहताल सव-डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने बराहताल गा.पा.-४ सुर्खेतको सिम्लेपानी र खण्टे पटारे राष्ट्रिय वनमा आ.व. ०७७/०७८ मा उत्पादन भई प्राप्त भएको काठ, दाउरा बराहताल गा.वि.स. वडा नं. ४ नाङ्गोसम्म सुर्खेत घाटगद्दी गरी राखेको तपशिल बमोजिमका जात, ग्रेड, थान र परिणामका गोलिया लट नं. ६, ७, ८ र ९ को काठ, दाउरा लिलाम प्रक्रियाद्वारा बिक्री विवरण गर्नुपर्ने भएकोले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र श्री प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोरोको सुचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपसिल**

| सि.नं./प्लट नं. | जात | थान | क्यु.फि. | कैफियत |
|---|---|---|---|---|
| १/६ | सिसौं | १२४ | ८७२.१६ | सिम्लेनी राष्ट्रिय वन |
| | असना | ११ | १५९.७२ | |
| | जामुन | ९ | १२४.७४ | |
| २/७ | साल | ७८ | १००२.३६ | खण्टे पटारे राष्ट्रिय वन |
| ३/८ | साल | ७९ | १०२२.११ | |
| ४/९ | साल | ९० | १०२३.२८ | |

## Bahrain मा रोजगार Abdul Hadi Al-Afoo W.L.L.

L.T.No.: 257742

| क्र.सं. | कामदारको पद | माग संख्या | मासिक तलब BD | मासिक तलब ने.रु. |
|---|---|---|---|---|
| १ | Worker | 15 | 100 | [illegible] |
| २ | Mason | 07 | 120 | [illegible] |
| ३ | Shuttering Carpenter | 07 | 120 | [illegible] |
| ४ | Electrician | 02 | 120 | [illegible] |
| ५ | Mechanic | 03 | 150 | [illegible] |
| ६ | Welder | 03 | 130 | [illegible] |
| ७ | Safety Officer | 02 | 250 | [illegible] |
| ८ | HIAB/Trialer Operator | 03 | 150 | [illegible] |
| ९ | Excavator Operator | 03 | 150 | [illegible] |
| १० | Security | 05 | 150 | [illegible] |

Overtime & annual leaves are as per company rules.

अन्तरवार्ता २०७८ फागुन ५ गते (Feb. 17, 2022) यस प्रा. लि. को कार्यालय मित्रपार्क, चाबहिलमा हुनेछ।

**Euro-Asia Employment Service Pvt. Ltd.**
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## अनुसूची-१५, (दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित) काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।१०।२७**

श्री औलभ्यामा सामुदायिक वन उपभोक्ता समुह, सिम्ता गा.पा. ०३, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको तपशिल बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस औलभ्यामा सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय सिम्ता गा.पा.०३, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ।

**तपशिल**

| प्रजाती/किसिम | ग्रेड A थान | ग्रेड A क्यु.फि. | ग्रेड B थान | ग्रेड B परिमाण क्यु.फि. | ग्रेड C थान | ग्रेड C परिमाण क्यु. फि | जम्मा थान | जम्मा परिमाण क्यु.फि | कैफियत दाउरा चट्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| साल्लो | २१ | ३१८.४७ | ७७ | ८२५.०९ | - | - | ९८ | ११४३.५६ | - |
| जम्मा | | | | | | | ९८ | ११४३.५६ | - |

**श्री औलझ्यामा सामुदायिक वन उपभोक्ता समुह, सिम्ता गा.पा. ०३, सुर्खेत**

## आर्थिक बोलपत्र खोल्ने सम्बन्धी सूचना

**मिति : २०७८/१०/२७**

यस कार्यालयबाट सुनखानी साङ्बा सडक स्तरोन्नति कार्य, दोलखा (ठेक्का नं.: IDOSIN/W/NCB/15/078-79) खरिद सम्बन्धी मिति २०७८।०८।२२ को 'मध्यान्ह' राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम रित पूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मूल्याङ्कन गरि मिति २०७८।१०।२० गते आर्थिक बोलपत्र खोल्ने सम्बन्धी सूचना 'मध्यान्ह' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएकोमा बोलपत्रदाता श्री Aarogya Construction Company Pvt. Ltd., Kathmandu कालोसूचीमा परेकोले आर्थिक बोलपत्र खोल्ने बोलपत्रदाताहरुको सूचीबाट हटाईएको साथै उल्लिखित आर्थिक बोलपत्र मिति २०७८।११।०५ दिनको १:०० बजे पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकको कार्यालयमा खोलिने हुँदा ITB 25.7 र ITB 25.8 बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना पुन:प्रकाशन गरिएको छ।

**सिनियर डिभिजनल इन्जिनियर**
**पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक**

# एसइई परीक्षा वैशाख ९ देखि हुने




**काठमाडौं/मस–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) वैशाख ९ गतेदेखि शुरु हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डको बुधबार बसेको बैठकले यस वर्षको एसइई परीक्षा वैशाख ९ गतेदेखि शुरु भएर २० गते सम्पन्न गर्ने निर्णय गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

कोरोना भाइरस संक्रमणका कारण विगत दुई वर्ष एसइईको आन्तरिक मूल्यांकन गरेको र त्यसअघिका एसइई परीक्षा चैत महिनामा हुँदै आएकामा यस वर्ष भने कोरोना महामारीका कारण पढाइको कक्षा प्रभावित भएकाले पढाइलाई पूर्णता दिनका लागि बोर्डले नियमित समयभन्दा एक महिना ढिलो गरी परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

बोर्डले आउँदो स्थानीय तहको निर्वाचनलाई समेत ध्यानमा राखेर परीक्षाको मिति निर्धारण गरेको उनले जानकारी दिए ।

यस वर्षको परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने अनुमान बोर्डले गरेको छ । परीक्षाको तालिका भने बोर्डले आज बिहान सार्वजनिक गर्ने भएको छ ।

# मधेश प्रदेशमा स्थानीय तहको निर्वाचन असोजमा गर्न लोसपाको प्रस्ताव




**काठमाडौं/मस–** लोकतान्त्रिक समाजवादी पार्टीले मधेश प्रदेशमा स्थानीय तहको निर्वाचन २०७९ असोजमा गर्न सरकारसँग प्रस्ताव गरेको छ । सरकारलेले सोमबार स्थानीय तहको निर्वाचन ३० वैशाखमा देशभर एकै चरणमा गर्ने निर्णय गरेको थियो ।

सो निणर्यपछि लोसपाले २ असोज २०७४ मा निर्वाचित भएका मधेश प्रदेशका जनप्रतिनिधिको अधिकार कुण्ठित हुने भन्दै सरकारलाई ध्यानाकर्षण गराएको छ । लोसपा मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले मधेश प्रदेशमा आगामी असोजमा निर्वाचन गर्नुपर्ने बताए । 'संविधानले स्थानीय जनप्रतिनिधिको पदाअबधी ५ वर्ष हुन्छ भनेको छ', उनले मध्यान्हसँग भने, 'मधेश प्रदेशका जनप्रतिनिधिको कार्यकाल ५-६ महिना कटौती गर्ने अधिकार कसैलाई छैन, निर्वाचन आयोगलाई पनि छैन ।'

अघिल्लो पटक तीन चरणमा चुनाव भएको भए पनि स्थानीय तह निर्वाचन ऐन २०७३ अनुसार सबै जनप्रतिनिधिको कार्यकाल ५ जेठ २०७९ मा सकिने निर्वाचन आयोगले बताएको छ । २०७४ सालमा स्थानीय तहको निर्वाचन तीन चरणमा गरिएको थियो । मधेश प्रदेशमा २०७४ साल असोज २ गते स्थानीय तहको निर्वाचन भएको थियो ।

### रिट निवेदन दरपिठ

यसैबीच, आमामी वर्षको वैशाख ३० गते स्थानीय निर्वाचन गर्दा आफ्नो पाँच वर्षे कार्यकाल पूरा नहुने भन्दै एक मेयरले दायर गरेको रिट सर्वोच्च अदालतले दरपिठ गरिदिएको छ ।

निर्वाचन मिति बदर गराउन माग गर्दै महोत्तरीको भंगहा नगरपालिकाका नगर प्रमुख सञ्जीवकुमार साहले दायर गरेको रिट बुधबार सर्वोच्चले दरपिठ गरिदिएको हो । 'निर्वाचन गर्नेगरी भएको निर्णयले निवेदक नगर प्रमुखको पाँच वर्षको कार्यकाल घटाउने प्रवल सम्भावना रहेको भनी निवेदन लिई आएकोमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८ समेतका रिट आधारमा दर्ता गर्न मिलेन', रजिष्ट्रार नारायणप्रसाद पन्थीले निवेदन दरपिठ हुनुको कारण खुलाउँदै लेखेका छन्, 'स्थानीय तह निर्वाचन ऐन, २०७३ दफा ४(४) मा उपदफा २ बमोजिम अलग अलग मितिमा सम्पन्न भएको निर्वाचन उपदफा ९१० बमोजिम तोकिएको मितिमा सम्पन्न भएको मानिने छ भन्ने प्रावधान रहेको छ ।'

सरकारले वैशाख ३० एकै चरणमा स्थानीय तहको चुनाव गर्ने घोषणा गरिसकेको छ । रिट निवेदन दिएका साह लोसपाका नेता हुन् ।

# पूँजीगत खर्च बढाउन शिक्षामन्त्रीको निर्देशन



**काठमाडौं/मस–**शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले पूँजीगत खर्च बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा बुधबार मन्त्री पौडेलले सो निर्देशन दिएका हुन् । मन्त्रालयको पूँजीगत खर्च चिन्ताजनक रहेको भन्दै एक महिनाभित्र पूँजीगत खर्च बढाउन विभाग र महाशाखाका प्रमुखलाई निर्देशन दिए ।

'पूँजीगत खर्च हेर्दा चिन्ताजनक देखिएको छ' उनले भने, 'एक महिनाको अविधिमा ट्र्याकमा ल्याउनेगरी काम गरौं, कुनै अप्ठ्यारो परे फुकाउन तयार छु ।'

साथै उनले कर्मचारीले काम गर्न खोजेको भए पनि मूर्तरूपले अघि बढ्न नसक्दा पूँजीगत खर्च कम भएकामा चिन्ता व्यक्त गरे । 'प्रक्रियामा रहेका कार्यक्रम छिटो अघि बढाउन पऱ्यो', मन्त्री पौडेलले भने, 'घोषित निर्वाचनले काममा प्रभावित भयो भन्ने सुन्न नपरोस् ।' साथै उनले शिक्षामा बजेटको आकार बढाउने गरी कार्यक्रम तयार गर्न कार्यालयका प्रमुखलाई निर्देशन पनि दिए । उनले भने, 'मन्त्रालयमा समस्या सिर्जना हुनु भनेको चुनौती हो । समाधानका लागि कर्मचारीमा कार्यक्षमता र कार्यकुशलता आवश्यक पर्छ ।' मन्त्रालयको दोस्रो त्रैमासिक प्रगति विवरणअनुसार चालुतर्फ भौतिकमा ५२ प्रतिशत, वित्तीयमा ३८.८९ प्रतिशत, पूँजीगततर्फको भौतिकमा २० प्रतिशत र वित्तीयतर्फ ३ प्रतिशत प्रगति भएको छ । यस्तै सङ्घमा ३२.७ प्रतिशत, प्रदेशमा ६४.४८ प्रतिशत र स्थानीयतर्फ २.८२ प्रतिशत प्रगति भएको छ ।

# आयोगका सिफारिस न्यूनमात्र कार्यान्वयनमा




**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई गरेको सिफारिस १४ प्रतिशत मात्र कार्यान्वयन भएको जनाएको छ ।

आयोगका पदाधिकारीको पहिलो एक वर्षको प्रमुख गतिविधि सार्वजनिक गर्न बुधबार आयोजित पत्रकार सम्मेलनमा मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले गरेको सिफारिस सरकारले १४ प्रतिशत मात्र कार्यान्वयन गरेको र पूर्णरूपमा कार्यान्वयन हुने वातावरण बनाउनका लागि प्रयास भइरहेको बताए ।

उनले आयोगले गरेको सिफारिस कार्यान्वयनका लागि एउटा संयन्त्र बनाउने तयारी भएको र भविष्यमा पूर्णरूपमा कार्यान्वयन हुने विश्वास व्यक्त गरे । आयोगमा २०७७ माघदेखि २०७८ मङ्सिर मसान्तसम्म आयोगमा जम्मा १२९ उजुरी दर्ता भएका छन् । त्यसमध्ये नयाँ र पुराना गरी जम्मा ३७८ थान उजुरी फछ्र्यौट भएका छन् भने निर्णय संख्या जम्मा ४६६ रहेका छन् । त्यसमा नीतिगत चार र उजुरीगत ५१ सिफारिस भएका छन् ।

आयोगले गरेका नीतिगत सिफारिसमा मनोसामाजिक समस्याको उपचारका लागि स्वास्थ्य संस्थाको कमी रहेकाले प्रदेशस्तरमा समेत यस्ता स्वास्थ्य संस्थाको विस्तार गर्न र हाल भएका स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरी व्यवस्थापनमा सुधार गर्नुपर्ने रहेको छ ।

त्यस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यकको पहिचानको अधिकारलाई सम्मान गर्नुपर्ने, कारागार र हिरासतको स्तरोन्नति गर्न र सुरक्षाको व्यवस्था मिलाउन र स्थानीय सरकारले कानून निर्माण गर्दा मानव अधिकारमैत्री हुनेगरी निर्माण गर्नुपर्ने रहेको छ ।

उजुरीगत सिफारिसमा पहिचान भएका पीडकलाई कानूनबमोजिम कारवाही गर्नुपर्ने, पीडक पहिचान गरी कानूनबमोजिम कारवाही गर्नुपर्ने, पहिचान भएका पीडक, निकायलाई कारवाही गर्नुपर्ने र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने रहेको छ ।

सबैको प्रयासका बाबजुद पनि देशको मानव अधिकारको अवस्था त्यति सन्तोषजनक नरहेको हुँदा मानव अधिकारको अवस्थामा सुधार ल्याउन राज्यका सबै निकायले आपसी सहकार्य गर्न आवश्यक रहेको आयोगको बुझाइ छ ।

## कर्णाली मन्त्रिपरिषद्सम्बन्धी मुद्दामा अन्तरिम आदेश दिन अस्वीकार




सुर्खेत/मस-उच्च अदालत सुर्खेतले कर्णाली प्रदेश मन्त्रिपरिषद् गठनसम्बन्धी परेको रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । उच्च अदालतका कायममुकायम मुख्यन्यायाधिस शेषराज सिवाकोटीको इजलासले १५ दिनभित्र लिखित जवाफ पेश गर्न बुधबार विपक्षीका नाउमा कारण देखाउ आदेश जारी गरेको हो । अधिवक्ता शेरबहादुर खत्री र अधिकारकर्मी टिका विष्टले मंगलबार कर्णाली प्रदेश मन्त्रिपरिषद् गठन समावेशी नभएको जनाउँदै अदालतमा रिट दायर गरेका थिए । आदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई मुख्यन्याधिवक्ताको कार्यालय र प्रदेश प्रमुखको कार्यालयको हकमा उच्च सरकारी वकिलको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न भनिएको छ ।

मुख्यमन्त्री जीवनबहादुर शाहीले यही माघ २३ गते नेपालको संविधान १६८ (९) र १७० (१) बमोजिम पाँच मन्त्री नियुक्ति गर्दै मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए । रिट निवेदनमा मन्त्रिपरिषद्मा महिला र दलित समुदायको प्रतिनिधित्व हुनुपर्ने माग गर्दै मुद्दा किनारा नलाग्दासम्म मन्त्रीलाई सम्बन्धित मन्त्रालयको कामकाजमा रोक लगाउन अन्तरिम आदेश माग गरिएको थियो । अदालतले तत्काल अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयले गरेको मन्त्रिपरिषद् गठन गर्ने निर्णय बदर गराउन, महिला तथा दलितको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम पुनः मन्त्रिपरिषद् गठन गर्न विपक्षीका नाउँमा उत्प्रेषण, प्रतिशेध परमादेश लगायतको आदेश माग गरिएको थियो ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. १४१७६० को बाँस्कोटा इन्टरप्राइजेज प्रा.लि.** को मिति २०७८/१०/२६ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०२**
**ईमेल : rokayasherbahadur723@gmail.com**

---

नेपाल सरकार
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७१/०९/२० गतेका दिन दर्ता भएको दर्ता नं. १३०४७६/०७१/०७२ को **आधुनिक पशुपालन केन्द्र प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०८/२९ मा दर्ता भएको **प्रा.लि. नं. १०८०८३ को श्री सुनसरी हस्पिटल हेल्थ एण्ड मेडिकल साइन्स प्रा.लि.** को मिति २०७८/१०/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०२**
**ईमेल : rokayasherbahadur723@gmail.com**

---

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **खगोल ओभरसिज प्रा.लि. (ई.प.नं.६३५)** ले आफ्नो कार्यालयको साविक ठेगाना **रोल्पा जिल्ला लिवाङ गा.वि.स. वडा नं. ६,** लाई परिवर्तन गरी **झापा जिल्ला विर्तामोड न.पा. वडा नं. १,** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Iahanbul Hospital Kathmandu
01-4951313 H/P 9851195484



---

**डिभिजन वन कार्यालय, भेरी**
**बाबियाचौर सुर्खेतको**

**काठ, दाउरा संकलन सम्वन्धी सूचना ।**

**पहिलो पटक प्रकाशित मिति २०७८/१०/२७**

यस डिभिजन वन कार्यालय अर्न्तगत विभिन्न राष्ट्रिय वनमा रहेका ढलापडा काठ दाउरा कटान मुछान गरी तोकिएको स्थानमा घाटगद्दी गर्नका लागि लिलाम घटाघटको जलुकेनी राष्ट्रिय वनको प्लट नं. २ र माइकोथान वनबाट प्लट नं. ३ को काठ दाउरा लिलाम घटाघट प्रक्रियाद्वारा संकलन गर्नुपर्ने भएकोले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समयभित्र श्री प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बावियाचौर सुर्खेतमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोरोको सुचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि.नं./प्लट नं. | जात | काठ क्यु.फि. | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|
| १/२ | विभिन्न | ६०९८.९७ | ६.१० | जुनकेली रा.व. बराहताल-४, सुर्खेत |
| २/३ | विभिन्न | ७१०५.२९ | ७.११ | माइकोथान रा.व. बराहताल-४ सुर्खेत |

---

**गौरीशंकर गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**सुरी, दोलखा**
**बाग्मती प्रदेश, नेपाल**

**विद्युतीय बोलपत्र आव्हानको सूचना (E-Bid)**

**पहिलो पटक प्रकाशित मिति :२०७८/१०/२७**

यस गौरीशंकर गाउँपालिकाको तपसील बमोजिमको कार्य विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनुपर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काको लागि ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र सम्वन्धी अन्य सर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।
२. यस सम्वन्धी विस्तृत सूचना www.bolpatra.gov.np/egp को Bid Document र www.gaurishankarmun.gov.np मा हेर्न सकिने छ ।
३. अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनबमोजिम हुने छ ।

| ठेक्का नं. | ठेक्का/आयोजना नाम | लागत अनुमान र कम रु. (मू. अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम खरिद अवधि | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| GRM/NCB/GOODS/03/2078-079 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Rural Municipality, Ward Offices, Community Health Centers and Community schools of Gaurishankar Rural Municipality | ९३,७१,३८९/३८ | ३,०००/- | २,६५,०००/- | सूचना प्रकाशन मितिले ३० औं दिनसम्म | सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले ३१ औ दिन दिनको २ वजे |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०७८, बिहीबार
10 February 2022, Thursday

सम्पादकीय

# संसद अवरोधको निकास खोज

पार्टीभित्रको आन्तरिक लडाईँलाई व्यवस्थापन गर्न नसक्दा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनलाई सजिलो हतियार बनाए । उनले आफ्नो राजनीतिक अभिष्ट पुरा गर्न संसदमाथि पटक–पटक प्रहार गरिरहे । दुई/दुई पटक गराइएको संसद विघटनको ओलीसँग न त सही राजनीतिक जवाफ थियो न त संवैधानिक । सर्वोच्च अदालतले दुवै पटकको असंवैधानिक कदमलाई त सच्यायो तर, गलत कदम चालिरहने नियतलाई भने सच्याउन सकेन । संसद पुनर्स्थापित भयो तर, सही ढंगले सञ्चालन हुन सकेन । संसद सही ढंगले सञ्चालन हुन नसक्नुमा तत्कालिन समयदेखि संसदलाई सिध्याउने गरी साँधिएको नियत नै मुख्य जिम्मेवार देखिन्छ । आज एमाले र ओलीसँग संसदलाई बेकम्मा बनाइरहनुको कुनै गतिलो जवाफ छैन । ओलीले १४ सांसदमाथिको कारबाहीको मुद्दा उठाएका छन्, तर लज्जाको विषय उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा छ । आफैंले अदालत पुऱ्याएको मुद्दामा ओली र एमालेले राजनीति गरिरहेको छ ।


एमाले र ओलीको राजनीतिको केन्द्रमा पर्दा संसद बेकम्मा साबित भएको कुरामा कुनै शंका छैन । संसदको हिउँदे अधिवेशन एजेण्डामै प्रवेश गर्न नसकी निरन्तर स्थगित हुँदै आएको छ । मंसिर २८ देखि सुरू भएको संसदको हिउँदे अधिवेशनका कुनै पनि बैठक सही ढंगले सञ्चालन हुन सकेनन् । पुस १८ देखि त एमालेको अवरोधलाई छिचोल्न नसकेपछि सभामुख अग्निप्रसाद सापकोटाले संसद बैठकलाई सार्दै आएका छन् । मंसिर २८ देखि यता पुस ५, ६ र ७ मा बैठक बसेको भए पनि एमालेको अवरोधका कारण सरकारले ल्याएका अध्यादेश स्वीकृत गर्ने बाहेक अन्य काम संसदले गर्न सकेन । यो बीचमा राष्ट्रिय महत्वका कुनै पनि एजेण्डामा छलफल नै हुन सकेन ।

आज एमालेले १४ सांसदमाथि मात्रै कारबाहीको माग गरेको छैन, उसले सभामुख सापकोटाकै राजीनामा मागिरहेको छ । आफ्नो एजेण्डालाई पुष्टि गराउन एमालेले सभामुख सापकोटामाथि महाभियोग नै लगाउने तयारी गरिरहेको छ । एमसीसीले तताएको राजनीतिभित्र एमालेको मुख्य एजेण्डा नै सभामुख सापकोटामाथि महाभियोग लगाउने छ । एमालेले प्रष्ट रूपमै सभामुख सापकोटामाथि महाभियोगको एजेण्डामा सहयोग गरे सरकार सञ्चालनमा मात्रै होइन एमसीसीको मुद्दामा सहयोग गर्ने आश्वासन सत्ताको नेतृत्वमा रहेको कांग्रेसलाई दिएको छ । एमाले चाहन्छ, बाध्यात्मक रूपमै भएपनि संसद विघटन तिर जाओस् । उ आफ्नो पटक–पटकको विघटनको एजेण्डालाई स्थापित गराउने ध्याउन्नमा छन् । तर, गम्भीर विषय एमालेको राजनीतिले मुलुकलाई ठूलो क्षति पुऱ्याउँदैछ । 'न रह्यो बाँस, न बज्यो बाँसुरी' भन्ने उखान जस्तै एमालेको राजनीतिले संसद नै सकिने अवस्थामा पुगेको छ । यो गलत नियतलाई सच्याई राष्ट्रिय एजेण्डामा छलफल गर्ने र निकास खोज्ने थलोको रूपमा संसदलाई बनाइनुपर्दछ । दलहरू संसदलाई सही ढंगले सञ्चालन गर्ने विषयमा सजग रहुन र पहल गरून । संसद अवरोधको उचित निकास खोज्नु सबैको दायित्व हो ।

# मुद्दा विहीन चुनाव

**चुनाव त राष्ट्रिय एजेण्डा र विचारधारामा केन्द्रीत हुनुपर्ने हो । आजको मुख्य लडाईँ भ्रष्टाचार र कमिसनसँग छ । तर निर्वाचन, एजेण्डा छाडेर चुनाव चिन्हका पछाडि मात्रै केन्द्रीत छ । जुन सबैका निम्ति दुर्भाग्य हो ।**

अग्रलेख



● विष्णु पन्त

### गठबन्धनको अन्तर्य

एमसीसीका कारण वर्तमान सत्ता गठबन्धन भत्किन सक्ने चर्चा चलिरहेको छ । माओवादी अध्यक्ष प्रचण्ड र नेकपा (एस)का अध्यक्ष माधव नेपालले बोलेको भन्दै केही समाचार पनि आए "बरु गठबन्धन भत्कियोस् तर, एमसीसी अनुमोदन हुँदैन ।" तर, यो चर्चा मिथ्या लाग्छ । गठबन्धन कुनै पनि हालतमा फुट्ने अवस्था छैन । अहिले शेरबहादुर देउवाले नचाहेपनि जोडिनुपर्ने बाध्यतामा दाहाल र नेपाल छन् । बरु हाँसी हाँसी लात खाने अनि चोट सहने तर, गठबन्धन कायम गर्नुपर्ने संकटमा माओवादी केन्द्र र एकीकृत समाजवादीलाई छ । वास्तवमा गठबन्धनको भविष्यले यी दुई पार्टीको अस्तित्वको निर्धारण गर्नेछ ।


मुलुकमा संसदीय चुनावको बहस प्रारम्भ भइसकेको छ । स्थानीय चुनाव आगामी वैशाख ३० मा घोषणा भइसकेको छ । वर्तमान सत्तागठबन्धनलाई आगामी चुनावसम्म लैजाने विषयमा देउवा, दाहाल र नेपालबीच भद्र सहमती भएको आकंलन गर्न सकिन्छ । नेपाली कांग्रेसभित्र एक्लै चुनाव लड्ने दबाब बढ्दो छ भने माओवादी केन्द्र र एकीकृत समाजवादीभित्र चुनावमा एमाले विरोधी गठबन्धन वा मोर्चाबन्दी कायम रहने आशा र विश्वास कायम छ । हामीलाई थाहा भएकै कुरा हो कि संसदीय चुनावले आगामी ५ वर्षका लागि दलहरुको हैसियत वा भविष्य निर्धारण गरिदिन्छ । अहिले सबैभन्दा ठूलो धर्म संकटमा माओवादी केन्द्र र एकीकृत समाजवादी छन् । आजको धरातलीय वास्तविकता यो छ कि माओवादी केन्द्र र एकीकृत समाजवादी आफ्नै खुट्टामा वा बलमा उभिएर चुनाव जित्ने कहीँ पनि सम्भावना छैन । यो परिवेशमा गठबन्धन टुट्ला भन्ने आकंलन गर्नु हाँस्यास्पद हुन्छ । बरु केहीलाई बली चढाउनु परे पनि गठबन्धन कायम गर्नुपर्ने विवशता दाहाल र नेपालसँग छन् ।

उता ओली गठबन्धन टुटाउन चाहन्छन् तर, मुख्य प्रतिस्पर्धा त फेरि पनि एमाले र नेकाबीच नै हो । नेपाली कांग्रेसका लागि यो इतिहासकै स्वर्णिम समय हो किनकी गठबन्धनका ३ दल जे पनि सहन बाध्यकारी छन् । जसपा, माके र एस गरी ३ वटै दल मर्नुभन्दा बौलाउनु निको भन्ने ठाउँमा छन् । एमसीसी, सभामुख, लिपुलेक-लिम्पियाधुरा जे-जे भने पनि मान्न बाध्य छन् । तर, फेरि पनि चुनाव आउँदैछ र त्यहाँ राष्ट्रियताको नारा लाग्ने नै छ । एमसीसीका लागि यो सबैभन्दा प्रतिकुल समय हो । के शेरबहादुर देउवा र नेपाली कांग्रेस एमसीसीको मुद्दालाई संसदमा पेश गरेर खतरा मोल्ने दुश्शाहस गर्ला त ? सबैलाई थाहा छ, आम जनमत एमसीसीको विरुद्धमा छ । आफु प्रधानमन्त्री हुँदा एमसीसी पास गर्छु भन्ने ओली र एमाले ऐले मौन छन् । गठबन्धन तोड्ने भए पास गर्न सहयोग गर्ने एमालेको अघोषित प्रतिबद्धता भएको हुन सक्छ ।

आगामी संसदीय अर्थात् र प्रादेशिक चुनावको एउटा तस्बीर स्थानीय चुनावले दिने छ । कुनै पनि दल यस्तै परिणाम आउला भन्नेमा ढुक्क छैनन् । एमालेको विरुद्ध एउटा मोर्चाबन्दीको खाका आइसकेको तर, त्यसको जवाफी मोर्चाबन्दीको चित्र आउन सकेको छैन । कसैले राजावादी, सिके राउत, लोसपा र एमालेबीच अर्को समीकरण बन्न सक्ने आकंलन पनि गरेका छन् । यदि यस्तो मोर्चाबन्दीमा देश गयो भने देशमा दुईवटा ध्रुवीकरण बन्ने छन् - ओली धार र देउवा धार । त्यस्तो त अर्को पनि आकंलन छ फेरि पनि ओली र दाहालसँगै पनि हुन सक्छन् ।

### अर्थहिन संसदीय चुनाव

अहिले संसदीय व्यवस्था पूर्णरुपले असफल र दर्गन्धित बनेको छ । संसदवादीहरुले नै यो निष्कर्ष निकाल्न सकेको भए सुन्दर हुन्थ्यो । तर, संसदवादी दलहरु यो व्यवस्थाको विकल्प खोज्ने जनआवाजलाई सुन्न सक्ने अवस्थामा छैनन् । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले उठाएको जनमत संग्रहको मुद्दा ठीक वा बेठीक भन्ने विषयमा कुनै छलफल भएको छैन । आजको राष्ट्रिय मुद्दा वा विवादको विषय भनेकै संसदीय चुनाव कि जनमत संग्रह भन्ने बनेको छ । जनमत संग्रहले पुरै देशलाई एकताबद्ध गराउँछ



> अहिले त सबै उस्तै, जनताले के-को आधारमा मत दिने ? केवल चुनाव चिन्हका आधारमा मतदान गर्ने बाध्यता कहिलेसम्म ? एउटै व्यक्तिलाई एउटा मत रूखमा र अर्को मत हँसिया हथौडामा हाल्न लगाइएको छ । के यस्तो अराजकतालाई लोकतन्त्र मान्न सकिन्छ त ?

भने एकतर्फी चुनावले फेरि पनि मुठभेड वा विवादलाई भड्काउँछ । आजको चुनावी चर्चा एकतर्फी र बलमिच्याईको प्रतिबिम्ब हो । राज्य वा सरकार जहीले पनि सकेसम्म सर्वस्वीकार्य र सहमतीको विकल्पको खोजीमा लाग्नु पर्दछ । विवादहरुलाई बढाएर वा चर्काएर मुलुकको हित हुँदैन ।

यस कार्यलयको लागि तपसिल बमोजिमको मालसामान विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट खरिद गर्नुपर्ने भएकाले सो कार्यको लागि ईच्छुक इजाजत् प्राप्त सप्लायर्सहरुबाट रीतपूर्वकको दरभाउपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np मा हेर्न समेत सुचित गरिन्छ साथै दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमै निहित रहने छ ।

**तपसिल**


| ठेक्का नं | विवरण | लागत अनुमान (मु.अ.क.सहित) | दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Goods/15 /078/79 | औषधि खरिद | १४,००,०००/ - | १,०००/- | ३५,०००/- | २०७८/११/१३ |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०७८, बिहीबार
10 February 2022, Thursday

# बक्स अफिस समाचार

## स्वस्तिमाको फरक लुक्स




**काठमाडौं/मस–** फिल्म 'चिसो मान्छे'मा अभिनेत्री स्वस्तिमा खड्कालाई फरक लुक्समा देख्न पाइने भएको छ । वैशाख ३० गतेबाट प्रदर्शनमा आउने भनिएको फिल्म ' चिसो मान्छे' एक महिना पछाडि सरेको छ । अब यो फिल्म आउँदो असार ३ गतेबाट प्रदर्शन हुनेछ । सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरेपछि निर्माण टिमले फिल्मको रिलिज सारेको हो । फिल्मको नयाँ प्रदर्शन मिति घोषणासँगै अभिनेत्री स्वस्तिमा खड्काको लुक्स पोस्टर पनि सार्वजनिक गरिएको हो ।

पोस्टरमा स्वस्तिमा अहिलेसम्मकै भिन्न लुक्समा देखिएकी छन् । उनलाई एकै पटकमा ठम्याउन समेत मुश्किल पर्छ । रातो फरिया बेरेकी उनले बाउला च्यात्तिएको पुरानो चौबन्दी चोली लगाएकी छन् । घाँटीमा पहेँलो रंगको पोते, नाकमा साधारण बुलाकी र निधारमा रातो रंगको टीका लगाएर देखिएकी उनको अनुहारको भावले थकान, निराशा, चिन्ता, पीडा लगायत धेरै कुरा भन्छ ।

फिल्म 'बुलबुल' मा ट्याप्पु ड्राइभरको भूमिकामा गरेको अभिनयले वाहवाही बटुलेकी स्वस्तिमालाई 'चिसो मान्छे' ले थप उचाईं दिलाउने धेरैको विश्वास छ ।

पोस्टरमा देखिएको उनको लुक्सले फिल्ममा उनले गरेको मेहेनत स्पष्टसँग झल्किन्छ । फिल्ममा उनी बाजुराको अति विपन्न महिलाको भूमिकामा छिन् । फिल्मका लागि उनले बाजुरामा बोलिने भाषा र लवज समेत सिकेकी थिइन् ।

शर्मिला पाण्डेको लगानीमा निर्माण भएको फिल्ममा स्वस्तिमाका अलावा अर्पण थापा, देशभक्त खनाल, आशान्त शर्मा, झकेन बीसी लगायतका कलाकारहरुको पनि अभिनय छ । फिल्मको निर्देशन, कथा, पटकथा, संवाद र छायांकन दीपेन्द्र के. खनालको हो । 'पशुपति प्रसाद र आमा' जस्तो उम्दा फिल्म दिएका दीपेन्द्रले 'चिसो मान्छे' कस्तो बनाएका छन्, धेरैमा कौतुहलता पनि छ ।

## 'म यस्तो गीत गाउाछु २'को रिलिज मिति तय



**काठमाडौं/मस–** फिल्म 'म यस्तो गीत गाउँछु २' शिवरात्रीको छेको पारेर फागुन १३ गतेबाट प्रदर्शनमा आउने भएको छ । मंगलवार नेपाल चलचित्र संघमा बसेको चलचित्र निर्माता संघका तर्फबाट उदय सुब्बा र चलचित्र संघका तर्फबाट अशोक शर्मा नेतृत्वको कार्यदलले फिल्मलाई फागुन १३ गते प्रदर्शन गर्ने निर्णय गरेको हो । फिल्मले प्रदर्शन मिति तोकेको यो चौथो पटक हो ।

२०७६ सालको फागुन २३ गते फिल्मले पहिलो पटक प्रदर्शन मिति घोषणा गरेको थियो । यही मितिमा बलिउड फिल्म 'बागी ३' आउने भएपछि फिल्मले फागुन ३० गतेलाई प्रदर्शन मिति तय गर्‍यो । तर, प्रदर्शनको संघारमा कोरोना संक्रमण फैलिएपछि अनिश्चितकालका लागि रोकिएको फिल्मको रिलिज दोस्रो चरणको बन्दाबन्दी अन्त्यपछि माघ १९ गतेलाई घोषणा गरिएको थियो ।

तर, पुनः कोरोना संक्रमण फैलिएको भन्दै सरकारले माघ ३ गतेबाट हल बन्द गर्ने निर्णय गरेपछि फिल्म फेरि रिलिज हुन पाएन । फागुन १ गतेबाट हलहरु खुल्ने भएपछि 'म यस्तो गीत गाउँछु २' लाई फागुन १३ गते प्रदर्शन गर्न निर्माता र वितरकले ठूलै कसरत गरेका थिए ।

अन्ततः निर्माण टिम सफल भएको छ । यो मितिमा फिल्म ' लप्पन छप्पन २' पनि प्रदर्शनमा आउने तयारीमा छ ।

सुदर्शन थापा निर्देशित तथा निर्मित फिल्ममा पल शाह, पूजा शर्मा, हरिहर शर्मा, दिनेश डिसी, राजा राजेन्द्र पोखरेल, सोनिका रोकाय लगायतका कलाकारको अभिनय रहेको छ । शिवम अधिकारी र दिनेश न्यौपानेले मिलेर फिल्मको कथा लेखेका हुन् । यो फिल्मको अघिल्लो सिरिज बक्सअफिसमा असफल भएको थियो ।

## मौलिक लोक बाजा प्रशिक्षण शुरु



**सर्लाही/मस–** नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सर्लाहीको हरिवनमा मधेस प्रदेश स्तरीय मौलिक लोकबाजा प्रशिक्षण कार्यक्रम शुरु गरेको छ । १० दिने तालिममा मधेस प्रदेशका आठै जिल्लाका गरि २० जना सहभागी रहेका प्रतिष्ठानका प्राज्ञ तथा कार्यक्रम संयोजक अशोक राईले बताए ।

चेतना सन्देश नेपालको स्थानीय व्यावस्थापनमा हरिवन ५, स्थित द्वन्द्व पीडित बाल गृहमा प्रशिक्षण भैइरहेको छ । प्रदेश सदस्य डिल्ली प्रसाद उप्रेती एवं बेची लुडेलीले ढोलक र मादल बजाएर तालिमको उद्‌घाटन गरेका थिए ।

उद्‌घाटन समारोहमा चेतना सन्देश नेपालका अध्यक्ष सुरेन्द्र लामाले कार्यक्रममा यस प्रकारको मधेसको पहिचान ढोलकसँगै मादलको संयोजन गरी प्रशिक्षण कार्यक्रमलाई सहकार्य गर्न पाएकोमा आयोजक संस्था प्रति आभार व्यक्त गरे ।

प्रदेश सदस्य माननीयव्दयबाट यस किसिमको प्रशिक्षण मधेस प्रदेशमा संचालन गरेकोमा प्रतिष्ठानलाई धन्यवाद दिनुका साथै आवश्यक सहयोग गर्ने वचन दिए ।

सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक राजेश थापाले प्रत्येक विद्यालयमा संगीत शिक्षकको दरबन्दी राख्न सुझाव दिए ।

नेपाली मौलिक संगीत बिश्व स्तरीय बनाउन निरन्तरुपमा सैद्धान्तिक र व्यावहारिक पक्षबाट दक्ष बाध्यबादक प्रसस्तरुपमा उत्पादन गर्नु पर्छ र त्यसका लागि निरन्तर गाउँस्तरसम्म संगीत प्रशिक्षण गराउन जरुरी भएको प्रतिष्ठानका संगीत विभाग प्रमुख प्राज्ञ अशोक राईले बताए ।

कार्यक्रममा सामाजिक व्यक्तित्व चूडामणि वाग्ले, कलाकर्मी तेज नारायण आले चन्द्रलाल केप्छाकी लगायतले मन्तव्य राखेका थिए । प्रशिक्षण माघ २५ बाट फागुन ५ सम्म वरिष्ठ ताल वाध्यवाधक भरत बुडाथोकीले प्रशिक्षण दिने छन् ।

## लामाको 'जंगलमा याला'



**काठमाडौं/मस–** लोकगायक जयनन्द लामाले दुई दशक पछि मौलिक लोकगीत गाएर सार्वजनिक गरेका छन् । लामाले महाभारत लेकको 'जंगलमा याला' बोलको लोकगीत आफ्नै युट्यबमार्फत सार्वजनिक गरेका हुन् ।

गायक लामाकै शव्द र संगीत रहेको लोक गीतमा उनलाई दीपा लामा, स्वरमा आरबी लामा, दाबा फिन्जो तामाङ, शशिकला मोक्तान र अञ्जु थोकरले साथ दिएकी छन् । गीतको म्युजिक भिडियोमा कलात्मक र सांस्कृतिक नृत्य प्रस्तुत गरिएको छ ।

इन्द्र गुरुङद्वारा निर्देशित म्युजिक भिडियोमा गायक स्वयं जयनन्द लामाका साथमा डोमा ह्योल्मो, दाबा फिन्जो तामाङ, बाबु जिम्बा, श्याम माया गुरुङ, सकु तामाङ र कोरस कलाकारले नृत्य गरेका छन् ।

सेवा फिल्मस्‌को दृश्य निर्माण र सुरेन्द्र थिङको निर्माणमा बनेको म्युजिक भिडियोको छायांकन मरुभूमि नारायण र सम्पादन बाबु जिम्बाले गरेका हुन् ।

पाँच दशकअघि गायन यात्रा शुरू गरेका लामाले लोक गीत, दोहोरी गीत, गीति नाटक गरी दुई सय बढी गीत गाएका छन् । गायक लामा पछिल्लो समयमा टेलि फिल्म, फिल्मी अभिनयमा सक्रिय रहेका छन् ।


**साउदीमा रोजगार** | कम्पनी : MOTOR POWER CONTRACTING COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/२५ चलानी नं.: ६०१७४२३५ LT. No.: 257677

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ५ गते (17 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोनः ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्सः ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np



**साउदीमा रोजगार** | कम्पनी: IBRAHIM YOUSEF AL BUHAIDEB & SONS TRADING CO.
शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२३७ LT. No.: 257689

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding General | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ५ गते (17 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसाग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नु होला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np



**मेगा बैंक नेपाल लिमिटेडको**
**बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

[illegible]

MEGA



**साउदीमा रोजगार** | कम्पनी : HALA ZONE FAST FOOD RESTAURANT
शहर: RIYADH

स्वीकृत मिति : २०७८/१०/२५ चलानी नं.:६०१७४२२५ L.T. No.:257591

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ५ गते (17 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PRATIGYA OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५२९/०७७/०७८
P.O.Box No.:5650, Address:Battisputali-09 Gausala, Kathmandu
Email: overseaspratigya@gmail.com | Tel: 01-4479481, 4486459
Mob: 9823366480, 9801069217 | Website: www.pratigyaoverseas.com


**INVITATION FOR BIDS**

**PANCHKHAL MUNICIPALITY**
**OFFICE OF MUNICIPAL EXECUTIVES**
Panchkhal, Kavrepalanchowk
Bagmati Provice, Nepal

**Invitation for Bids**

**Date of publication: 2078/10/27**

1. Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction work (as mentioned in table below) under National Competitive Bidding procedures.

| IFB NO. | Description of work | Estimated Amount (with VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) | Average Annual Construction Turnover (Without VAT) |
|---|---|---|---|---|---|
| PMW1/NCB/ 01/078-079 | Ghumaune Chaur-Kotyang Road Upgrading | - | 10,00,000.00 | 5,000.00 | 5,27,00,000.00 |
| PMW2/NCB/ 01/078-079 | Hangethati-Padalichaur Road Upgrading | - | 7,00,000.00 | 5,000.00 | 3,73,00,000.00 |
| PMW2/NCB/ 02/078-079 | Dwaredihi–Ward Office and Tanke–Hangethati Road Upgrading | 91,57,799.01 | 2,30,000.00 | 3,000.00 | - |

| Office code | Name of the bank, office account no | Time and place for Pre bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग१.१ पाँचखाल न. पा.,आन्तरिक राजश्व खाता) (for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at 2:00 PM, 2078/11/18 | on or before 12:00 Noon on 2078/11/30 | 2078/11/30 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

## ए डिभिजन लिग

# पुलिसको जित, च्यासललाई रिलिगेशनको भय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लबले च्यासल युथ क्लबलाई पराजित गर्दै जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधबार भएको खेलमा पुलिसले च्यासल युथ क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै जित हात पारेको हो । पुलिसको जितमा रविशंकर पासवान नायक बने । दुवै गोल उनैले गरे । च्यासलका लागि भने मौसा अवागानाले एक गोल फर्काए ।

खेलको २४ औं मिनेटमा पुलिसका तेज तामाङको प्रहार पोष्टको निकै नजिकबाट बाहिरीएपछि अग्रता लिनबाट चुकेको थियो । ३७औं मिनेटमा रविले गोल गर्दै पुलिसलाई १-० को अग्रता दिलाए । निर कुमार राईको पासमा रविले गरेको क्रस दोस्रो बार च्याप्दै गोलमा परिणत हुँदा गोलरक्षक अर्पण कार्कीले बचाउने प्रयास गरेपनि सफल हुन सकेन । ५१औं मिनेटमा कमल श्रेष्ठको फ्रिकिकलाई पुलिसका गोलरक्षक शत्रुघन कुमार चौधरीले पञ्च गर्दै बचाए ।

५३औं मिनेटमा मौउसा एवांगाले पेनाल्टीमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । रुमेश बर्तौलालाई पेनाल्टी बक्समा लडाएपछि रेफ्री सुमन श्रेष्ठले च्यासललाई पेनाल्टी दिएको थियो । जसमा मोउसा चुकेनन् । ६२औं मिनेटमा रुमेश बर्तौलाको प्रहारलाई गोलरक्षक शत्रुघनले डाइभ दिंदै बचाए ।



६९औं मिनेटमा रविले व्यक्तिगत दोस्रो गोल गर्दै पुलिसलाई २-१ ले अघि बढाए । सुमन लामाको पासमा रविले कप्तान विराज महर्जनलाई विट गर्दै दोस्रो बार च्याप्दै गरेको प्रहारलाई अर्पणले बचाउने प्रयास गरेपनि सफल हुन सकेन ।

८२औं मिनेटमा कमल श्रेष्ठको कर्नरमा अभिषेक लिम्बुको हेडर क्रसबारमा लागेर फर्कदा च्यासल बराबरीबाट चुक्यो । ८७औं मिनेटमा विकास मेराग्लियाको प्रहार फितलो बनेपनि सब्सिच्युट कर्ण लिम्वुले सुवर्ण अवसर गुमाउँदा च्यासल बराबरीबाट चुक्यो ।

इन्ज्युरी समयको थप गरिएको चौथो मिनेटमा यान्निक केट्चाको प्रहार हेमन्त श्रेष्ठलाई डिफ्लेक्ट हुदै पोलमा लागेर बाहिरिदा च्यासल बराबरीबाट चुक्यो । लगत्तै कर्नरमा अभिषेकको हेडर सदुपयोग हुन नसक्दा च्यासल पराजित हुन पुग्यो ।

पुलिसले नौ खेलमा दुई जित, चार बराबरी र तीन हारका साथ १० अंक बनाउँदै १० औं स्थानमा उक्लिएको छ ।

# मुवाँथाई संघ सुनसरी जिल्ला समिति गठन

**सुनसरी/मस–** नेपाल राष्ट्रिय मुवाँथाई संघ सुनसरी जिल्ला समिति गठन भएको छ । धरानमा एक कार्यक्रमको आयोजना गरी मुवाँथाई संघ सुनसरी जिल्ला समिति गठन भएको जानकारी दिइएको हो । सुनसरी जिल्ला समितिको अध्यक्षमा एलकन थापा मगर चयन भएका छन् । समितिको उपाध्यक्षमा अशेस लिम्बु, सचिवमा नविन राई, सह-सचिवमा मिलन राई, कोषाध्यक्षमा सरिता मगर चयन भएका छन् । सदस्यहरुमा भने सागर सुनुवार, प्रिजम राई र जुलन कालिकोटे चयन भएका छन् ।


## कतारमा रोजगार | १. कम्पनी: ISMAIL BIN ALI INTERIORS शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२३४ L.T. No.: 257639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 4 | 0 | | 1200 | ३९,३२४ | | | | | | | |

२. कम्पनी: IBA ALMUNEM शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२३३ L.T. No.: 257640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Instal Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 8 | 0 | | 1200 | ३९,३२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ५ गते (17 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt.Lic.No.: 517/061/062
**Rightway Enterprises Pvt. Ltd.**
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9823859301, 9851152281


## डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) कटारी

**साधारण ढुंगा लिलाम विक्रि सम्वन्धी सुचना ।**

**प्रथम पटक प्रकाशित (मिति : २०७८।१०।२६**

यस डिभिजन वन कार्यालय अन्तर्गत सब डिभिजन वन कार्यालय भुट्टार अन्तर्गतको रौतामाई गा.पा. वडा नं. ७ को घट्ट खोलाको छेउमा अवैध रुपमा छौडिया खोलाबाट ढुंगा संकलन गरि राखेको वेवारिसे अवस्थामा घाटगद्दी गरि राखेको तपसिलमा उल्लेखित थुप्रो र परिमाणाको साधारण ढुंगाहरु लिलाम बिक्री गर्न यो सुचना प्रकाशन गरिएको छ। साधारण ढुंगा जे जस्तो अवस्थामा छ , सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय उदयपुर (त्रिवेणी) कटारी र वन निर्देशनालय, प्रदेश नं. १ धरानबाट वन पैदावार खरिद तथा विक्री गर्ने उद्धेश्यले दर्ता भएको इच्छुक फर्म, संघ/संस्था, वा कम्पनीले बोलपत्र फारम खरिद गरि डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) वा वन निर्देशनालय, प्रदेश नं १ धरानबाट उक्त लटको शिलवन्दी बोलपत्र फारम दाखिला गर्न आव्हान गरिन्छ ।

**१. लिलाम गरिने वेवारिसे वन पैदावारको विवरण :**

**तपसिल**

| विवरण | | | | मूल्यांकन (रु.) | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|
| सि.नं | वन पैदावारको किसिम | थुप्रो | ढुंगाको आयतन (घन.मी.) | न्युनतम | |
| १ | साधारण ढुंगा (Sandstone / Mudstone) | ८ | १,००२.७९ | २५,०७०/- | अन्नपूर्ण सा.व.उ.स.रौतामाई ७ |
| | | ११ | ८६४.४६ | २१,६१२/- | बहुमुखी महिला सा.व.उ.स.रौतामाई ७ |
| | | ११ | १,५०८.६७ | ३७,७१७/- | जाल्मे सा.व.उ.स.रौतामाई ७ |
| जम्मा | | ३० | ३,३७५.९२ | ८४,३९९/- | |

**वन नियमावली, २०५१ को अनुसुची -६ (नियम १४ र २५ सँग सम्बन्धित) (ख) खनिजजन्य वन पैदावारको क्र.सं. ३/क. साधारण ढुंगाको प्रति घनमीटर रु. २५।- का दरले मूल्यांकन गरी न्यूनत्तम मूल्य निर्धारण गरेको ।**

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   (क) अन्तिम मिति: २०७८।११।१८ (दाखिला गर्नुपर्ने दिन सार्वजनिक विदा भए सोको भोलिपल्ट दाखिला गर्न सकिने छ)
   (ख) अन्तिम समय : दिनको दिउँसो १ बजेसम्म
३. बोलपत्र डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी) वा वन निर्देशनालय, प्रदेश नं. १ धरानबाट खरिद र दाखिला गर्न सकिनेछ ।
४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रदेश लेखा ईकाइ कार्यालय, उदयपुरको रा.वा. वैंकमा रहेको ब.हि.नं २०९०१००२०२०३०००० को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।
५. वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।
६. बोलपत्र फारम रु ३०००।- (पछी फिर्ता नहुने गरी) तिरी कार्यालयको आर्थिक प्रशासन शाखा वा वन निर्देशनालय, धरानबाट खरिद गर्न सकिने छ।
७. लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र माथि उल्लेखित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।
८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (एब्ल) दर्ता प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
९. निर्धारित गरिएको न्युनतम संख्याका र रितपुर्वक पर्न आएका शिलवन्दी बोलपत्रहरु प्रदेश वन निर्देशनालय, धरानबाट समेत प्राप्त हुन आएपछि उक्त बोलपत्रहरु खोलिने वारे यस कार्यालयबाट सुचना प्रकाशित गरिनेछ ।
१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धी कर समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।
१२. बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु प्रचलित ऐन, नियम, निर्देशिका र परिपत्र अनुसार हुनेछ ।

# चारदेशीय सिरिजको प्रशारण अधिकार एडप्याडलाई

**काठमाडौं/मस–** ओमानमा हुने चार देशीय टी २० सिरिज क्रिकेटको प्रशारण अधिकार एडप्याडले खरिद गरेको छ । यससँगै अब चार देशीय सिरिज नेपालमा पनि प्रत्यक्ष हेर्न पाइने भएको छ । नेपाल, आयरल्याण्ड, ओमन र यू. ए. इ. बीच यहि फेब्रुअरी ११ देखि १४ सम्म ओमानमा हुन लागेको चार देशीय टी २० सिरिजको नेपालमा प्रशारण गर्ने अधिकार एडप्याडले लिएको हो ।

एडप्याडले ग्लोबल अधिकार खरिद गरेको आई. टि. डब्लु नामक कम्पनी सँग नेपालको लागि प्रशारण अधिकार खरिद गरेको हो । प्रतियोगितामा चारै टिमले एक अर्कासँग एक एक म्याच खेल्ने छन् । लगतैको टि टवान्टी ग्लोबल क्वालिफायरसमा पनि यो ४ टोली प्रवल दाबेदार भएको हुँदा सो प्रतियोगीता चारै देशको लागि महत्वपुर्ण रहेको छ ।

प्रतियोगिताको प्रत्यक्ष प्रसारण नेपालमा हिमालय एच डि टेलिभिजन, युट्युवमा ओ.एस.आर. स्पोर्टसले र दराज एप मार्फत हुनेछ । सो प्रतियोगीताको नेपाल प्रसारणमा प्रमुख प्रायोजन शंकर ग्रुप अर्न्तगतको 'टि.भि.एस अपाचे' ले गरेको छ । एडप्याड नेपालको सर्वाधिक ठुलो कन्टेन्ट निमार्ण र खरिद कम्पनी हो ।

एडप्याडले यसअघि नेपाल क्रिकेट टिम जर्सी प्रायोजन, नेपाल भारत मैत्रीपुर्ण फुटवल प्रतियोगीता खेल, त्रिकोणात्मक टि टवान्टी सिरीज, इ.पी.एल., भ्वाइस अफ नेपाल किड्स, सक्किगोनी, क्राइम फाइल्स, जस्ता थुप्रै खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम तथा सामाग्रीहरुको निमार्ण र व्यवस्थापन गर्दै आएको छ ।

कुनै नेपाली कम्पनीले विदेशी कम्पनी संग सहकार्य गरी राईटस्खरिद गरेको यो पहिलो पटक भएको र नेपाल सम्मिलित खेलहरु नेपाली दर्शकले हेर्न पाउने वातावरण मिलाउन पाउनु आफै मा गर्वको कुरा भएको एड प्याडका प्रवन्ध निर्देशक सुरज गिरीले बताए ।

यस्तै चार देशीय सिरिजपछि नेपालले आईसीसी टी-२० विश्वकप ग्लोबल छनोट खेल्ने छ । ग्लोबल छनोट ए मा नेपालसहित ओमान, बहराइन, क्यानडा, जमर्नी, आयरल्यान्ड, फिलिपिन्स र युएई गरि आठ टोली छन् । आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ए मा नेपाल, क्यानडा, ओमान र फिलिपिन्स छन् । समूह बी मा आयरल्यान्ड, युएई, बहराइन र जमर्नी छन् ।

## दुर्गा भगवती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**गङ्गापिपरा, रौतहट**
**मधेस प्रदेश,नेपाल**

**दुर्गा भगवती गाउँपालिकाबाट प्रस्तावित बागमती नदीबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खननको लागि प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७८।१०।२७**

मधेस प्रदेश, रौतहट जिल्ला, दुर्गा भगवती गाउँपालिका द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दुर्गा भगवती गाउँपालिका, गगां पिपरा, रौतहट |
| प्रस्तावको व्यहोरा | दुर्गा भगवती गाउँपालिका, वडा नं. १ वडामा रहेको बागमती नदी क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा दैनिक ३०० घनमिटर उत्खनन् तथा संकलनको लागि |
| प्रभाव पर्न सक्ने क्षेत्र | गाउँपालिका क्षेत्र भित्र |

मथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न दुर्गा भगवती गाउँपालिका, गगां पिपरा, रौतहटका, वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दुर्गा भगवती गाउँपालिका, गगां पिपरा, रौतहट<br>ईमेल **ito.durgabhagawatimun@gmail.com**<br>**Maulakalika Consultancy Pvt.Ltd Kathmandu**<br>**E-mail; maulakalika12@gmail.com** |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/०३ मा दर्ता भएको **प्रा.लि. नं. २५४६६२ को सम्राट इन्टरनेशनल इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६२/११/२२ मा दर्ता भएको **प्रा.लि. नं. ३८६८३ को निड ट्रेडिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनुसूची-१५ (दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित) काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८।१०।२७**

श्री लालीगुराँस सग्लेना सामुदायिक वन उपभोक्ता समुह, सिम्ता गा.पा. ०८, सुर्खेतको सामुदायिक वनबाट ०७८।०७९ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको तपशिल बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस लालीगुराँस सग्लेना सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय सिम्ता गा.पा.०८, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**तपशिल**

| प्रजाती/किसिम | ग्रेड A थान | ग्रेड A क्यु.फि. | ग्रेड B थान | ग्रेड B परिमाण क्यु.फि. | ग्रेड C थान | ग्रेड C परिमाण क्यु.फि | जम्मा थान | जम्मा परिमाण क्यु.फि | कैफियत दाउरा चट्टा |
|---|---|---|---|---|---|---|---|---|---|
| साल्लो | ११८ | २४७५.४८ | ६८ | ८६९.८० | – | – | १८६ | ३३४५.२८ | ३.०० |
| जम्मा | | | | | | | १८६ | ३३४५.२८ | ३.०० |

**श्री लालिगुराँस सग्लेना सामुदायिक वन उपभोक्ता समुह, सिम्ता गा.पा. ०८, सुर्खेत ।**

## धरान उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धरान-१२, सुनसरी**
**दास्रो पटक प्रकाशित मिति २०७८।१०।२७**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको लागि अपाङ्गता भएका व्यक्तिहरुको लागि साहयक सामाग्रीहरु(Assistive Devices) E–bidding मार्फत सूचना प्रकाशन गरी खरिद गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्नकालागि इच्छुक फर्म, व्यवसायहरुले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र तथा दरभाउपत्र पेश गर्नुहुन दास्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | फारम दस्तुर | प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिन मिति र समय |
|---|---|---|---|---|---|
| 06/DHARAN/ GOODS/SQ/078/79 | Assistive Devices (अपाङ्गता सहायक सामाग्री) | १०००।०० | २०७८।१०।२७ | २०७८।११। १३ १२ वजे | २०७८।११।१३ १ वजे |

**Invitation for Bids**

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE

PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL

**Invitation for Bids**

**Date of publication: 2078/10/27**

1. **Panchkhal Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction work (as mentioned in table below) under National Competitive Bidding procedures.

| IFB NO. | Description of work | Estimated Amount (withVAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| PMUN/NCB/ IT/01/078/079 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Municipality, Ward Offices, Community Health Centers and Community school of Panchkhal Municipality | 83,58,265.00 | 2,10,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information at the office of **Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's (आन्तरिक राजश्व खाता) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Nepal Bank ltd., Panchkhal Branch
   **Name of Office:** Panchkhal Municipality.
   **Office Code no. :** 30-365-15
   **Office Account no.:** 12403000001001000001 (ग१.१ पाँचखाल न.पा., आन्तरिक राजश्व खाता) (for bid fee)
   12403000003000000001 (धरौटी खाता) **for bid security**
4. Pre-bid meeting shall be held at **Panchkhal Municipality Office** at **2:00 PM, 2078/11/18**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2078/11/30.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM, 2078/11/30** at the office of **Panchkhal Municipality.** Bids must be valid for a period of **90 days** after bid opening with scanned copy of the bid security in .pdf format, amounting to a minimum of 2,10,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the bid opening date falls on a government holiday, then the next working day shall be considered as the bid opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# आर्थिक

www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

२७ माघ २०७८, बिहीबार
10 February 2022, Thursday



हिलाम्य सडक

धनगढी उपमहानगरपालिका - ३ को हिलाम्य सडक । तस्बिर : तिलकराज ओझा/रासस

# बीमा समितिले शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन गर्दै

## ■ नक्कली प्रमाणपत्र बुझाएर जागिर खानेहरु समस्यामा

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, २६ माघ

बीमा समितिले माग गरेको शैक्षिक योग्यता सम्बन्धी विवरण सबै बीमकहरुले बीमा समिति समक्ष पेश गर्दैछन् । समितिले शैक्षिक योग्यतासम्बन्धी विस्तृत विवरण माग गरेपछि बीमा कम्पनीमा प्रभावको आधारमा जागिर पाएका नक्कली प्रमाणपत्रधारीरु समस्यामा पर्ने भएका छन् । अहिले बीमा समितिले झण्डै दशकपछि शैक्षिक योग्यताको विषयमा बीमा कम्पनीहरुसँग विवरण माग गरेको हो । यो एक दशकको अवधिमा नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेर जागिर खाएका र पदोन्नती भएकाहरुको पद धरापमा पर्नेभएको छ ।




नेपालको सबैभन्दा पुरानो नेपाल इन्स्योरेन्समा अझै एक कर्मचारी नक्कली प्रमाणपत्रधारी भएर पनि काम गरिरहेका छन् । सो कम्पनीले २ वर्ष अघिनै नक्कली प्रमाणपत्रधारी २ कर्मचारीलाई कम्पनीबाट हटाइसकेको छ । त्यस्तै युनियन लाइफको मधेस प्रदेशमा कार्यरत नक्कली प्रमाणपत्रधारी एक कर्मचारीले पनि अहिले कम्पनीमा कार्यरत अवस्थामा रहेका छन् । सगरमाथा इन्स्योरन्सले पनि केही महिना अगाडि गण्डकी प्रदेशमा नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेर काम गरिरहेका कार्यरत एक कर्मचारीलाई हटाइसकेको छ । यी केही उदाहरणका बाबजुद नेपालका बीमा कम्पनीहरुमा अझै पनि २५ प्रतिशत कर्मचारी नक्कली प्रमाणपत्रधारी रहेका बीमा विज्ञहरुको धारणा छ ।

केही कम्पनीका सीईओलेनै घुमाउरो बाटोबाट विदेशी शैक्षिक प्रमाणपत्रको गलत व्याख्या गर्दै आफू योग्य भएको भन्दै नियामकलाई आर्थिक प्रलोभनमा पारेर जागिर खाइरहेको आशंका गरिएको छ । बीमा समितिले एक साता अघिमात्रै नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रबारे छानबिन गर्ने बताएको छ । विदेशी विश्वविद्यालयको सर्टिफिकेटको आधारमा बीमा कम्पनीहरुमा जागिर खाएका कतिपय कर्मचारीहरुले बीमा समितिले प्रमाणपत्रको छानबिन गर्ने प्रसंग चलेपछि जागिर छोड्नेगरेको बताइन्छ ।

बीमा समितिले शैक्षिक योग्यता सम्बन्धी विवरणको आधारमा शंकास्पद देखिएका कर्मचारीहरुको हकमा बीमा कम्पनीहरुसँग जहिलेपनि विस्तृत विवरण माग्न सक्दछ । अहिले बीमा समितिले कम्पनीहरुलाई विदेशी बोर्ड वा विश्वविद्यालयबाट शैक्षिक प्रमाण पत्र हासिल गरेका कर्मचारीहरुको हकमा नेपाली समकक्षतासम्बन्धी विवरण समेत खुलाउन बीमा समितिले निर्देशन दिएको छ । त्यस्तै राष्ट्रिय परिक्षा बोर्ड, त्रिभूवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेका कर्मचारीहरुको हकमा समकक्षता प्राप्त गरेको मिति समेत उल्लेख गर्नुपर्ने निर्देशन दिएको छ । केही विदेशी विश्वविद्यालयको नेपालस्थित शाखा वा विदेशी खुल्ला विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेका र केही प्राविधिक विषयहरुको शैक्षिक योग्यता सम्बन्धमा नेपालमा समकक्षता उपलब्ध छैन । यस्तो विश्वविद्यालयबाट औपचारिक अध्ययन पुरा गरेर परिक्षामा सहभागी भई शैक्षिक योग्यता हासिल गरे पनि समकक्षता भने उपलब्ध नभएको अवस्था हुन्छ । बीमा समितिले समकक्षता भएको अवस्थामा समकक्षता उल्लेख गर्न निर्देशन दिएको छ ।

# रुबी शाह जोन्टा इन्टरनेशनल २०२१ छात्रवृत्तिबाट सम्मानित

**काठमाडौं / मस** - बाराकी रुबी शाहलाई १०,००० डलर बराबरको जोन्टा इन्टरनेशनल २०२१ जेनएम क्लाउजम्यान (जेएमके) वुमन इन बिजनेस छात्रवृत्तिबाट सम्मानित गरिएको छ । उनलाई जोन्टा क्लब अफ काठमाडौं-२५, क्षेत्र २ बाट मनोनयन गरिएको थियो र पुरस्कारको लागि आवेदन जोन्टा इन्टरनेशनल डिस्ट्रिक्ट छनोटमा पठाइएको थियो । जहाँ उनले थप २००० डलर पनि प्राप्त गरिन् । उनीसँगै अरु ३२ जनाले २००० डलर बराबरको थप छात्रवृत्ति पनि प्राप्त गरेका थिए । यसका साथै उनले संयुक्त राज्य अमेरिकाको इलिनोइसस्थित जोन्टा हेडक्वार्टरबाट थप ८००० डलर पनि प्राप्त गरेकी छिन् । उनी शैक्षिक वर्ष २०२१-२०२२ को लागि यस अन्तर्राष्ट्रिय छात्रवृत्ति प्राप्त गर्ने विश्वभरका छ जना क्षमतावान प्रतिभाहरु मध्ये एक हुन् ।



१९ वर्षको उमेरदेखि नै रुबीले विभिन्न विधामाहरूमा व्यवसाय इन्क्युबेशन, कन्टेन्ट क्रिएसन, मार्केटिङ, र परामर्श सेवाजस्ता धेरै स्टार्टअपहरुसँग काम गरिरहेकी छिन् । उनी उद्यमी नेपालीको पूर्व प्रमुख अपरेटिङ अफिसर पनि हुन् । त्यहाँ उनले कम्पनीको कर्मचारीहरुलाई मार्गदर्शन गर्ने र उद्यमीहरूका लागि आवश्यक सामग्रीहरु बनाउने देखि लिएर कार्यक्रम संयोजन गर्ने विषयमा रणनीतिहरु बनाइन् । हाल उनी कीर्तिपुरको रोटरयाक्ट क्लबको चार्टर प्रेजिडेन्टको रूपमा नेतृत्व गरिरहेकी छिन् जहाँ उनले ४० भन्दा बढि स्थानीय युवाहरूसँग मिलेर सामुदायिक परियोजनाहरु र क्षमता विकास सम्बन्धि कार्यक्रमहरू संयोजन गरिरहेकी छिन् ।

रुबीले सन् २०१९ मा मलेसियामा भएको अन्तर्राष्ट्रिय युवा संलग्नता सम्मेलनमा एसडिजि प्रस्तोताको रुपमा नेपालको प्रतिनिधित्व गरिन्, जहाँ उनले 'नेपालमा महिलाहरूलाई सशक्तिकरण गर्न युवा क्लबहरुको भूमिका' भन्ने विषयमा प्रेजेन्टेसन दिएकी थिइन् । त्यहाँ उनले लैंगिक समता र समान पेशागत र आर्थिक वृद्धि हासिल गर्न युवा केन्द्रहरुको भूमिकाको विषयमा वकालत गरेकी थिइन् ।

# नाडाले भेटघाट तथा छलफललाई तिव्रता दिदै

**काठमाडौं / मस** - नाडाको नेतृत्वमा ध्रुव थापा आएसँगै नाडाले मन्त्रालय तथा विभागहरुसँगको भेटघाटलाई तिव्रता दिएको छ । केही दिन अघि नाडाका अध्यक्ष थापाको नेतृत्वमा एक प्रतिनिधि मण्डलले बन तथा वातावरण मन्त्री राम सहायप्रसाद यादवसंग भेटी मन्त्रालयले ल्याउन लागेको नेपाल सवारी प्रदुषण मापदण्ड वि.यस ६ को कार्यान्वयनका सम्बन्धमा छलफल गऱ्यो । सो छलफलमा नाडाले मन्त्री यादवसमक्ष सरकारले ल्याउन लागेको युरो ६ लागु गर्ने प्रस्तावलाई स्वागत गर्दै त्यसलाई चरणरवद्ध रुपमा लागु गर्न आग्रह गरेको जनाएको छ । नेपालमा युरो ६ लागु गर्ने सम्बन्धमा आवश्यक भौतिक तथा दक्ष प्राविधिक शक्ति तयार भइनसकेको तर्क गर्दै नाडाको टोलीले मन्त्रीसमक्ष सो अनुरोध गरेको जनाइएको छ ।




त्यस्तै नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठको नेतृत्वमा एक प्रतिनिधि मण्डलले नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीसंग भेटी चालुपुंजी कर्जा मार्गदर्शन २०७८ को मस्यौदाका सम्बन्धमा छलफल गरेको छ । उपाध्यक्ष श्रेष्ठले बैकहरुबाट निजी सवारी साधनको हायर पर्चेज लोन प्रवाह गर्ने प्रकियामा लोन टु भ्यालु रेसीयोलाई परिमार्जन गर्नुपर्ने बताए । राष्ट्रबैंकले हाल कायम गरेको सिमा ५० प्रतिशतबाट वृद्धि गरी ८० प्रतिशत कायम गर्ने व्यवस्थाका लागि उपाध्यक्ष श्रेष्ठको टोलीले अनुरोध गरेको नाडाले जनाएको छ । सोहीक्रममा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिकामा सवारी साधनहरु आयातका लागि एलसी खोल्दा न्युनतम मार्जिनको सीमा १० प्रतिशतबाट बृद्धि गरेर ५० प्रतिशत पुऱ्याउँदा आपुर्तीमा असहजता पैदा भएको जानकारी दिएको छ । त्यसले सवारी साधनहरुको मूल्य समेत बढनगई उपभोक्ताहरुलाई समेत असर पर्ने भएकोले पूर्व व्यवस्था अनुसारको न्युनतम मार्जिनको सीमा १० प्रतिशत नै कायम गर्ने व्यवस्थालाई निरन्तरता दिन अनुरोध गरेको छ । एलसी मार्जिनको लागि राखेको धितो रकममा बैंकहरुले व्यवसायीहरुलाई व्याज समेत दिने व्यवस्थाका लागि समेत नाडाले राष्ट्रबैंकसमक्ष अनुरोध गरेको छ ।

नाडाले भन्सार विभागका महानिर्देशक नारायण प्रसाद सापकोटासंग भेटी भन्सार मूल्यांकन, भन्सार प्रक्रियाका सन्दर्भमा देखिएका समस्याहरु लगायत ७० औं विश्व भन्सार दिवसलाई कसरी प्रभावकारी रुपमा अघि बढाउने भन्ने विषयमा समेत छलफल गरेको थियो । त्यस्तै नाडाले आन्तरिक राजश्व विभागका महानिर्देशक शोभाकान्त पौडेल, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक प्रेमकुमार श्रेष्ठ, उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारी, राजस्व अनुसन्धा विभागका महानिर्देशक प्रकाश पौडेल, यातायात व्यवस्था विभागका महानिर्देशक नमराज घिमिरे र महानगरिय ट्राफिक प्रहरी महाशाखाका प्रमुख उमेशराज जोशीसंग सम्बन्धीत निकायहरुको विषयमा छलफल गरेको जनाएको छ ।

## संक्षिप्तमा अर्थ

# ज्योतिद्वारा स्वास्थ्य चौकी र धार्मिक समितिलाई सहयोग प्रदान



**काठमाडौं / मस** - ज्योति विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य चौकी र धार्मिक सेवालाई सहयोग गरेको छ । बैंकले मार्फत कोहलपुर नगरपालिका वडा नं. १५ स्थित शम्सेरगंज स्वास्थ्य चौकीको बर्थिङ सेन्टरलाई डेलिभरी बेडहरु र श्री पशुपति भण्डारेश्वर धार्मिक सेवा समितिमा रहेको कृयापुत्री भवनलाई ग्याँस गिजरहरु हस्तान्तरण गरेको छ । शम्सेरगंज स्वास्थ्य चौकी प्राङ्गणमा आयोजित एक कार्यक्रममा बैंकका कोहलपुर क्षेत्रीय प्रमुख कपिल न्यौपाने, कोहलपुर शाखा प्रबन्धक रेकम बहादुर केसीले उक्त नगरका वडा अध्यक्ष तथा स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष पतिराम थारुको उपस्थितिमा डेलिभरी बेडहरु हस्तान्तरण गरेको हो ।

साथै बैंकले काठमाडौं स्थित पशुपति भण्डारेश्वर धार्मिक सेवा समितिको कृयापुत्री भवनलाई ग्याँस गिजरहरु हस्तान्तरण गरेको छ । बैंकका नायब महाप्रबन्धक सुशील कुमार शर्मा, काठमाडौं क्षेत्रका क्षेत्रीय प्रमुख दिलिप राज बराल र बैंककी रातोपुल शाखा प्रबन्धक प्रज्ञा कंडेलले संयुक्त रुपमा समितिलाई उक्त सामाग्री हस्तान्तरण गरेका थिए । नेपाली समाजमा स्थानीय तहमा सुषुप्तरुपमा रहेका सम्भावनाहरुको पहिचान गरी त्यस्ता सम्भावनाहरुलाई उजागर गर्नको लागि सहयोगी बन्ने मूल उद्देश्य अनुरुप सामाजिक संस्था तथा नागरिकहरुसँग प्रत्यक्ष रुपमा जोडिएर सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यहरु गर्दै आएको बैंकले जनाएको छ । ज्योति विकास बैंकले हाल १०९ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर तथा ६२ वटा एटीएममार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं / रासस** - धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक माघ २६ गते पनि दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से २२ दशमलव ०६ अंकले ओरालो लागेर दुई हजार ८ सय १३ दशमलव ५२ मा ओर्लेको छ । यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३ दशमलव ५१ अंकले ओरालो लागेर ५ सय २८ दशमलव ९९ मा ओर्लेको छ । नेप्सेको ओरालो यात्रासँगै कारोबार रकमसमेत ओरालो लागेको छ । कूल २ सय २३ कम्पनीको ६५ लाख २० हजार ६ सय २८ कित्ता सेयर तीन अर्ब ४७ करोड ११ लाख नौ हजार १ सय ८२ मूल्यमा खरिद बिक्री भए ।

माघ २६ गतेको कारोबारपछि बजार पूँजीकरण ३९ खर्ब ७६ अर्ब ५५ करोड आठ लाख ७० हजारको आसपास रोकिएको छ । नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको सेयर मूल्यमा नै गिरावट आएको छ । बैंकिङ १२ दशमलव ४२, व्यापार ३९ दशमलव २५, होटल तथा पर्यटन २ दशमलव ४४, विकास बैंक ४६ दशमलव २७, जलविद्युत् ३२ दशमलव ७२, वित्त २४ दशमलव ८५, निर्जीवन बीमा १ सय ९८ दशमलव ७५, उत्पादन १५ दशमलव ०३, अन्य ३ दशमलव ६७, लघुवित्त ५० दशमलव ०४, जीवन बीमा १ सय ५१ दशमलव ०८, सामूहिक लगानी कोष ० दशमलव १२ र लगानी ० दशमलव ९६ अंकले ओरालो लागेका छन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**